# सिपाही

पाक्षिक

रक्षा सम्मान कल्याण आफ्नो देश नेपालको
सर्वप्रथम सदा जान धर्म कर्म सिपाहीको
सुविस्ता मान हेरचाह गर्न पर्छ विशेषतः
अधीनस्थ रही बस्ने साराका सुख खातिर
रक्षा आनन्द आराम आफ्नो निम्ति सधैंपछि
यही सेना महामन्त्र यही सत्य सधैं भरी

वर्ष ५ | अङ्क २३ | १ साउन २०६७


## शम्सेर दल गणको १६७ औं वार्षिकोत्सव

गत असार १२ गते प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गको प्रमुख आतिथ्यमा शम्शेर दल गणले आफ्नो स्थापनाको १६७ औं बार्षिकोत्सव भव्यताकासाथ मनाएको छ



प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्ग शम्सेरदल गणका पूर्व गणपति उपरथी श्री नेत्रबहादुर थापालाई मोमेन्टो प्रदान गर्नुहुँदै ।

सो अवसरमा गणले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा प्रधान सेनापति श्री गुरुङ्गलाई शम्सेरदल गणको पूर्व गणपतिका हैसियतमा सो गणले प्रदान गरेको गणको 'मोमेन्टो' सम्झनाको चिनोस्वरुप सैनिक श्रीमती संघकी अध्यक्ष श्रीमती कमला गुरुङ्गले हस्तान्तरण गर्नुभयो ।

सोही कार्यक्रममा गणका अन्य पूर्व गणपतिहरुलाई सो गणद्वारा प्रदान गणको मोमेन्टो प्रधान सेनापति श्री गुरुङ्गले सम्झनाको चिनोस्वरुप हस्तान्तरण गर्नुभएको थियो। सो अवसरमा सेनापति श्री गुरुङ्गले गणका सकलदर्जालाई सम्बोधन गर्नुभएको थियो ।

उक्त कार्यक्रममा पृतना अन्तर्गतका रथीवृन्द, अधिकृत, चितवन जिल्लाका सरकारी निकायका प्रमुखहरु, अन्य गन्यमान्य व्यक्तित्वहरुलगायत गणका भूतपूर्व सैनिकहरुको उपस्थिति रहेको थियो ।

यसैबीच, सोही दिन विहान आयोजित एक कार्यक्रमकाबीच गणपति प्रमुख सेनानी श्री सञ्जय पराजुलीले निशानको विधिवत् पूजाअर्चना गर्नुका साथै वार्षिकोत्सवको अवसरमा आयोजित अन्तरगुल्म प्रतियोगिताको विजयी ख गुल्मलाई झण्डा, शिल्ड तथा नगद पुरस्कार प्रदान गर्नुका साथै विभिन्न जिम्मेवारीमा रही गणलाई योगदान पुऱ्याउने जवानलगायत सर्वोत्कृष्ट वर्ष जवानलाई समेत पुरस्कृत गर्नुभएको थियो ।

## फोर्स कमाण्डरको कार्यकाल पूरा गरी स्वदेश फिर्ता

संयुक्त राष्ट्र संघको आव्हानमा अफ्रिकी मुलुक सुडानमा तैनाथ रहेको अनमिस मिशनको फोर्स कमाण्डरको नियुक्तिमा कार्यरत रही रथी श्री पवन जङ्ग थापा असार १३ गते स्वदेश फिर्ता हुनुभएको छ ।

सन् २००८ मे २१ देखि सन् २०१० जुन ३ सम्म उहाँले United Nations Nations Mission In Sudan (UNMIS) मा फोर्स कमाण्डरजस्तो महत्वपूर्ण नियुक्तिमा रही कार्य सम्पादन गर्नु भयो । स्वदेश फिर्ता हुनुअघि उहाँले न्युयोर्कस्थित युएन हेडक्वाटरमा ३ दिने डि-व्रिफिङ्ग कार्यक्रममासमेत सहभागी हुनु भएको थियो ।

विगत २० बर्षदेखि द्वन्दमा फसेको मुलुक सुडानमा फोर्स कमाण्डरको रुपमा



बलाधिकृत रथी श्री पवन जंग थापा बलाधिकृतमा पदस्थापन भएपछि अन्तर्गतका रथीवृन्दहरूसँग परामर्श गर्नुहुँदै ।

कार्यरत रंहदा द्वन्दमा संलग्न दुवै फौजबीच सुमधुर सम्बन्ध स्थापना गर्नुको साथै उहाँले सिज फायर, ज्वाईण्ट मोनिटर कमिटी (CJMC)को अध्यक्षतासमेत गर्नु भएको थियो । २ बर्षको अवधिमा शान्ति प्रकृया निकै अगाडि बढेको तथा CPA को महत्वपूर्ण अंशमध्ये आम निर्वाचन सफलतापूर्वक सम्पन्न गराउनमा उहाँको भूमिका महत्वपूर्ण रह्यो ।

स्वदेश फर्कनुहुँदा उहाँलाई असार १३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरथी उपरथी श्री नेपाल भुषण चन्द तथा शान्ति सेना संचालन निर्देशक सहायक रथी श्री श्यामबहादुर थापाले स्वागत गर्नुभएको थियो ।

यसैबीच, बलाधिकृत रथी श्री पवन जङ्ग थापाले असार २५ गतेबाट बलाधिकृतको कार्यभार सम्हाल्नु भएको छ ।

## नेपाली शान्ति सैनिकको योजना र नेतृत्वमा यु.एन.को इतिहासमै लामो दुरीको 'बालुवाको आँधी EX-HABOOB CHASE' नामक पट्रोल सम्पन्न

सुडानको डार्फरस्थित युनामिड मिशनमा तैनाथ रहेको नेपाली सेनाको स्पेशल फोर्स कम्पनीको पहल, योजना र नेतृत्वमा यही २०६७ असार ५ गतेदेखि १४ गतेसम्म संयुक्त राष्ट्र संघीय शान्ति सेनाकै इतिहासमा ९ दिने विशेष संयुक्त अपरेशन "Extendend Long Range Patrol" सम्पन्न भएको छ ।



फोर्स कमाण्डरद्वारा सहभागी फौजहरूलाई सम्बोधन ।

नेपाली सेना (शा.से.) स्पेशल फोर्स कम्पनी कमाण्डर प्र.से. श्री अनुप जंग थापाको पहल र नेतृत्वमा अत्यन्त कठीन र चुनौतीपूर्ण जमीनका साथै प्रतिकुल परिस्थितिमा पनि करिब ११ सय किलोमिटर लामो दुरीको पट्रोल सफलतापूर्वक सम्पन्न गरी Kutum, Kulbus, El Geneina, Kabkabiya र Saraf Omra का स्थानीय जनता तथा थुप्रै विद्रोही समूहहरुलाई पनि आश्वास्त पार्दै सुरक्षाको प्रत्याभूति प्रदान गर्न सफल भएको छ । उक्त पट्रोलको विशेषताको रुपमा पट्रोल शुरुभएको ७ औं दिनको दिन युनामिडका फोर्स कमाण्डर Lt.Gen. Patrick Nyamvumba फौजको मनोवल उच्च बनाउन तथा मिशनको प्रतिवद्धता जनाउन अप्रेशनमा सहभागी हुनु भयो ।

पश्चिम सुडानको डार्फर क्षेत्रमा विभिन्न विद्रोही समूहहरुले शासन सञ्चालनमा साझेदारीको मागसहित समानूपातिक राजनैतिक प्रतिनिधित्वको साथै राज्यको महत्वपूर्ण आर्थिक स्रोत तथा साधनमाथि हिस्सेदारको माग राख्दै आएका छन् । यही माग पूरा गर्न विद्रोहीहरुले शुरु गरेको सघर्षका कारण फेव्रुअरी २००३ यता करिब ४ लाख मान्छेहरुको ज्यान जानुको साथै ३० लाख मान्छेहरु विस्थापित हुन बाध्य भएकाछन् । त्यहाँ मच्चाइएका आतंक, हत्या, हिंसा, बलात्कार, लुटका श्रृखङलावद्ध घटनाहरुले त्यहाँको स्थिति संसारमै भयावह रहेको छ । त्यहाँका वासिन्दाहरु रोग, भोक र कुपोषणको समस्याले समानान्तररुपमा ग्रसित हुन पुगेका छन् । यस्तै घरबारविहीन भएर डार्फरका क्याम्पहरुमा सीमित मानवीय सहयोग वावजुदपनि झन्डै ४० लाख मानिसहरु जीवन र मरणको दोसाधमा रहेका छन्भने कैयौ हजार मानिसहरु छिमेकी चाड तथा अन्यमुलुकहरुमासमेत शरणार्थीको जीवन जिउन वाध्य छन् ।

**पट्रोलको उपलब्धी**

- युनामिड मिशनको क्षमताको ठूलो फड्को
- डार्फोरियन, मानवीय कार्यमा संलग्न संघ, संस्थाहरू र युनामिड मिशनहरू लाभान्वित
- वास्तविक अवस्थाप्रति सचेतता
- डार्फरमा निर्वासित व्यक्तिहरूका लागि सुरक्षाको प्रत्याभूमिको अभिवृद्धि
- युनामिडको छविमा प्रवर्द्धन गर्न सहयोग
- अन्तर्राष्ट्रिय समुदाय र डार्फरबासीहरूबाट प्रशंसा



कम्पनी कमाण्डर प्र.से. श्री अनुपज जंग थापा Kafod स्थित RSABATT सँग समन्वय गर्दै ।



पट्रोललाई हेलि सपोर्ट ।

यीनै कुरालाई समाधान गर्न United Nations African Union Hybrid Operation In Darfur (UNAMID) नामक मिशन त्यहाँ कार्यरत रहदै आएको छ। उक्त मिशनले ५ मे २००६ मा भएको डार्फर शान्ति सम्झौताअनुरुप सम्झौता कार्यन्वयन गर्न, सशस्त्र हमलालाई रोकी गैरसैनिकहरुको जिउधनको सुरक्षा गर्न, मानवीय कार्यमा सहयोग गर्दै सुरक्षा प्रदान गर्न, राजनैतिक तहबाटै मानवअधिकार तथा कानुनी शासनको वहालीगर्दै शान्ति सुरक्षा र डार्फरका जनताहरुको समृद्धि सम्वर्द्धन प्रवर्द्धन गर्न अफ्रिकन युनियन र संयुक्त राष्ट्र संघको फौजसमेत संयुक्तरुपमा कार्यरत रहेको छ ।

त्यी उद्देश्यहरु हासिल गर्न २६ हजार शान्ति सैनिक तथा गैरसैनिक समेतको संयुक्त मिशन आवश्यक ठानिएको उक्त युनामिडले पश्चिम सुडानको डार्फरमा दिगो शान्ति स्थापना गर्दै विस्थापितहरुलाई घर फर्काउन र शान्ति सुरक्षा अमनचयन कायम गरी राजनैतिक तवरबाटै समस्याको निराकरण गराउन प्रयासरत रहेको छ। तीनै प्रयासहरुको परिणामस्वरुप युनामिड मिसनमा नै पहिलोपटक संचालित उक्त संयुक्त पट्रोल अप्रेशनमा नाइजेरिया, सिनेगल, दक्षिण अफ्रिकाका सैनिक, सैनिक पर्यवेक्षक तथा राष्ट्र संघीय प्रहरीहरुकोसमेत सहभागीता रह्यो

**EX-HABOOB CHASE को विशेषता**

- ९ दिन लामो
- ११ सय किलोमिटर दुरीको पट्रोल भएकोले Extendend Long Range Patrol को नामाकरण
- बाटोघाटो नभएको मरूभूमिमा पट्रोल सञ्चालन
- विभिन्न विद्रोही समूहहरूको इलाकामा पट्रोलिङ
- लाईभ अप्रेशन गर्दै वास्तविक परिदृश्यमा पट्रोल कार्यन्वयन
- विभिन्न विद्रोही समूहहरूको ३८ वटा चेकप्वाइन्टहरू पारगर्दै पट्रोल सम्पन्न

**मिशनको विशेषताः**

-अफ्रिकन युनियन र संयुक्त राष्ट्रको विश्वमै पहिलो संयुक्त मिशन
-नेपाली शान्ति सैनिकहरू पहिलो गैरमुस्लिम र गैरअफ्रिकन सैनिक युनिट भएकोले युनामिड मिशन अन्तर्राष्ट्रिय चरित्रको भएको आभास
-सोमालियापछि सबभन्दा खतरापूर्ण मिशन
-नेपालद्वारा उत्तर डार्फरमा सेक्टर रिजर्भ १ इन्फेन्ट्री गुल्म र फोर्स रिजर्भमा १ गुल्म विशेष फौजको तैनाथी ।

**खतराको सूचक**

-३ बर्षभित्रमा ६१ जना शान्ति सैनिकको मृत्यु
-अत्यन्त तनावपूर्ण परिस्थिति (डार्फरमा मे महिनामा मात्रै द्वन्दकै कारण ६०० जना सर्वसाधारणको मृत्यु)

**प्रधान सम्पादक :** प्रा.म.से. किरणबाबु थापा

**प्रबन्ध निर्देशक :** म.से. कुवेर थापा

**सम्पादक :** प्रा. सेनानी केशव बर्तौला

**प्रकाशक :** श्री सैनिक जनसम्पर्क निर्देशनालय,श्रव्यदृश्य महाशाखा, प्रचार-प्रसार शाखा,जङ्गी अड्डा,

**फोन :** ०१-४२४१७३१, **E-mail:-** sipahipatrika@gmail.com

***१ साउन २०६७/17 th July 2010.***

## शाश्वत वाणी

जुन मानिसले दुःखलाई जीवनको सबैभन्दा ठूलो अभिसाप सम्भन्छ, उ बहादुर हुन कहिल्यै सक्दैन । **- सिसेरो**

राम्रो सजायलाई स्वीकार गर्नु आफ्नो योग्यता बढाउनु हो । **-गेटे**

**सम्पादकीय.....**

## बधाई : शिक्षण पक्ष

*शिक्षा सभ्यताको मुल हो । शिक्षा ज्ञानको ज्योति हो र शिक्षा व्यक्तिको अक्षय सम्पत्ति हो । शिक्षाका यीनै विशिष्ट गुणहरुका कारण नै सचेत मानिसले जहिले पनि आफूलाई शिक्षित बनाउन हरसम्भव प्रयास गर्दछ । यद्यपि, यदाकदा विभिन्न बाध्यता र विवशताका कारण शिक्षाको महत्व बुझ्दाबुझ्दै पनि मानिस शिक्षाको उज्यालो ज्योति प्राप्त गर्नबाट बञ्चित हुने गर्छ ।*

*शिक्षा भन्ने कूरा कुनै व्यक्तिको जीवनमा मात्रै हैन, परिवार र समाजहुँदै राष्ट्रको लागि नै महत्वपूर्ण हुने गर्छ । प्रायः शिक्षित व्यक्ति विनयशील, विवेकी र उद्यमी हुन्छ । यही मान्यताका कारण नै हरेक राष्ट्रले आफ्नो देशका सबै नागरिकहरु शिक्षित होऊन भन्ने अपेक्षा राख्दछ ।*

*मानिसविनाको समाजको परिकल्पना गर्न नसकिएजस्तै सेना विनाको राष्ट्रको परिकल्पना पनि असम्भव नै छ । सेना राष्ट्रको मेरुदण्ड र सुरक्षा कवज दुबै हो । त्यसैकारण राष्ट्रको यति ठूलो जिम्मेवारी बोकेको सेनाका हरेक जवानहरु शिक्षित र सुसंस्कृत हुन जरुरी छ । राष्ट्रिय सेनाको प्रत्येक सदस्य निरक्षर हुनुहुँदैन भन्ने मान्यता नेपाली सेनाको परम्परागत मान्यता हो । नेपाली सेनाको सैन्यमा भर्ना हुन विगत केही बर्षयता क्रमशः ४ कक्षा र पछि ५ कक्षा पास हुनु पर्थ्यो र हाल आएर ८ कक्षा पास हुनुपर्दछ तर पहिला पहिला कुनै शैक्षिक योग्यता तोकिएको हुँदैनथ्यो । सैन्य भर्नालाई ढाक्रे भिक्ने भनिन्थ्यो, ती पाखा, पर्वत र काँठतिरका पढ्ने अवसर नपाएका युवाहरु ढाक्रेकै रुपमा हुन्थे । त्यस अवस्थामा पनि सिपाही निरक्षर हुनुहुँदैन भन्ने मान्यताकै कारण रिक्रुट ट्रेनिङ्ग अन्तर्गत साक्षर कवाज सन्चालन हुन्थ्यो । एउटा निरक्षर ढाक्रे सैन्यमा भर्ना भएपछि रिक्रुट तालिम सकिंदा आफैले दस्तखत गरेर तलब बुझ्न सक्ने, सामान्य जोड, घटाउ र भाग गर्न सक्ने अन्य तालिम प्राप्त योग्य सैनिक हुन्थ्यो । त्यही मान्यताका आधारमा एउटा सैनिक शारीरिकरुपमा जति योग्य हुनुजरुरी छ, त्यति नै मानसिकरुपमा पनि योग्य हुनुपर्छ भनिएको हो ।*

*यही तथ्यलाई दृष्टिगत गरी नेपाली सेनाले सैनिक शिक्षण पक्षको स्थापना गरेको हो । नेपाली सेनाका जवानदेखि पदिकसम्मको शिक्षाको स्तर अभिवृद्धि गर्ने उद्देश्यकासाथ स्थापित यस शिक्षण पक्षले आफ्नो उद्देश्यनुरुप कार्य गर्दै आइरहेको छ । यसैको प्रतिफलका कारण पाँच कक्षा मात्र पास गरेर सेवा प्रवेश गरेको सैनिक जवानलाई पनि उच्च शिक्षा हासिल गर्न ढोका खोलिदिने काम शिक्षण पक्षले गर्दै आएको छ । जुन सकल सैनिक जवानहरुका लागि खुशीको विषय हो ।*

*कुनै व्यक्ति चाहे जुनसुकै सरकारी तथा गैरसरकारी संघसंस्थामा जागिर खाओस्, उसको शैक्षिक योग्यता उकास्नु उसको व्यक्तिगत जिम्मेवारी बन्छ । तर नेपाली सेनामात्र यस्तो अपवाद हो, जसले आफ्ना सकल सैनिकको शैक्षिकस्तर उकास्न संस्थागतरुपमै लगानी गरेको छ । यही लक्ष्यअनुरुप सैनिकहरुको शैक्षिक योग्यता बढाउने कार्यमा शिक्षण पक्षले स्थापनाकाल देखिने अहम् भूमिका खेल्दै आएको छ । जसका लागि प्राथमिक तहसरह थर्डक्लास परीक्षा, निम्नमाध्यमिक तह सरह सेकेण्ड क्लास परीक्षा, १० कक्षासरह फष्टक्लास परीक्षा उत्तीर्ण गराई एसएलसीसम्म दिन सक्ने वातावरण सेनाले संस्थागतरुपमा मिलाई दिएको छ । यसैक्रममा शिक्षण पक्षले आफ्ना विद्यार्थीहरुलाई पहिलो पटक शैक्षिक सत्र ५६/५७ मा एस.एल.सी. मा सरिक गराएर उच्च शिक्षा हासिल गर्ने ढोकासमेत खुलाई दिएको छ । यो आफैमा सुखद पक्ष हो ।*

*शैक्षिक सत्र ५६/५७ यता शिक्षण पक्षले निरन्तररुपमा आफ्ना विद्यार्थीहरुलाई एसएलसी परिक्षामा सहभागी गराउदै उत्कृष्ट नतिजा ल्याउदै आएको छ । त्यहाँबाट एसएलसी परीक्षामा सरिक हुनेहरुको उत्तीर्ण प्रतिशत उपत्यकामै नाम चलेका अन्य विद्यालयभन्दा कम नहुनुले शिक्षण पक्षको प्रतिबद्धतामा शंका गर्ने ठाउँ छैन । यसैक्रममा त्यहाँबाट एसएलसी परीक्षामा सरिक भई सतप्रशित त्यो पनि प्रथम श्रेणीमा पास हुनुले शिक्षण पक्ष र विद्यार्थीलाई त गौरवान्वित बनाएको छ नै, समग्र सैनिक परिवारलाई पनि यो नतिजाले उत्साहित मात्रै गरेको छैन, राष्ट्रकै लागि शिक्षित नागरिक थप्ने कार्यमा टेवा पुऱ्याएको छ ।*

*विभिन्न चुनौती तथा समस्याका अतिरिक्त पनि शिक्षण पक्षको यो सफलताको उचाईमा पुऱ्याउने श्रेय लामो अनुभव बटुल्नु भएका शिक्षक वर्ग, मेहनत गर्ने विद्यार्थीवर्गलगायत शिक्षण पक्षलाई राम्रो व्यवस्थापन गर्नुहुने सकल सैनिकहरु बधाईका हकदार बनेका छन् । शिक्षण पक्षको यो सफल नतिजाले खाने मुखलाई जुँगाले छेक्दैन भनेझै शिक्षा आर्जन गर्न कुनै उमेर, समय र पेशाले छेक्दैन भन्ने कुरालाई व्यवहारमा प्रमाणित गरिदिएको छ । यसर्थ, यो नतिजाले सैनिकहरुमा निश्चितरुपमा पढ्ने जाँगरको अभिवृद्धि गर्न सहयोग पुगेको हुनुपर्छ भन्ने 'सिपाही पाक्षिक'को ठहर छ ।*

# मानसिक रोग

मानसिक स्वास्थ्य विग्रनु भनेको त्यस्तो अवस्था हो जसको सोच्ने शक्तिको सन्तुलन कम भइरहेको हुन्छ, दैनिक गरिरहेका प्रत्येक क्रियाकलाप पुरा गर्न असमर्थ हुन्छ, साथी, परिवार तथा समाजसँगको उचित सम्बन्ध राख्न असमर्थ हुनु, बौद्धिक क्षमतामा ह्रास आइरहनु, गर्नै नसक्ने कामहरु गर्ने सोच आइरहनु हो । कुनैपनि व्यक्तिमा यस्ता लक्षणहरु देखापरेमा उसलाई मानसिक रोग भएको हुन सक्दछ ।

**मानसिक रोगको किसिमः**

**साईकोसिस** : यो अति नै कडाखालको अवस्था हो । यस अवस्थाको उपचार गर्न कठिन हुन्छ ।

**न्यूरोसिस** : यो अवस्था मध्यम खालको हो । यो अवस्था अन्तर्गत Depression, anxiety, hysteria पर्दछन् । सामान्यतया बेलैमा उपचार पाए यस प्रकारका रोगी सामान्य अवस्थामा आउँछन् ।

**अन्य** : Epilepsy, alcoholism, drug abuse, Psychosexual problem लाई पनि मानसिक रोगको रुपमा लिइन्छ ।

**मानसिक रोगका कारणहरु** : मानसिक रोगका खासै कारणहरु के हो भन्न कठिन छ तर तलका केही अवस्थाहरु मानसिक रोगका कारण हुने गर्दछन् ।

**दिमागमा परिवर्तन** : कुनै कारणवस दिमागमा चोट लाग्यो अथवा दिमागमा अन्य रोगको कारणले असर पुग्योभने मानसिक रोग देखापर्दछ ।

**बंशाणुगत गुण** : मानसिक रोगी बंशाणुगत पनि हुनसक्छ । उसको वंशमा पहिले कोहीकसैलाई मानसिक समस्या देखापरेको थियोभने पछिल्ला सन्तानहरुमा पनि मानसिक रोग देखा पर्ने हुन्छ ।

**बालपन अनुभव** : कुनै व्यक्ति मानसिकरुपमा स्वस्थ भई हुर्किन उसलाई बाल्यकालदेखि नै माया, ममता, उपयुक्त घरपरिवार तथा सामाजिक वातावरण, उपयुक्त निर्देशन एवं अनुशासनको आवश्यकता पर्दछ । यो वातावरणको अभावमा हुर्किएको बालबालिकाहरुमा पछि मानसिक रोग हुने सम्भावना बढी देखिन्छ ।

**पारिवारिक सम्बन्धः** पारिवारिक सम्बन्धमा खटपट हुने, झगडा भइरहने, एक अर्कामा विश्वास नहुने, एक अर्कामा माया ममता नहुने, परिवारका मानिसहरुमा मानसिक रोग हुने देखिएको छ ।

**जीवनशैलीः** गरिवी, बेरोजगारी, अन्याय, असुरक्षा कडा प्रतिस्पर्धा आदि कारणहरुले मानसिक तनाव सिर्जना गर्ने गर्दछ । यी कुराहरुले मानिसको मनमा विचलन पैदा गर्छ, त्यही विचलन नै पछि मानसिक रोगको कारण हुन्छ । मानसिक रोगका यसभन्दा बाहेक पनि अरु धेरै कारण छन् । कुनै औषधीको असर र अन्य रोगको असर पनि मानसिक रोगको कारण हुन सक्छ ।

**मानसिक रोगको लक्षण र चिन्हहरु** :

१) **शारीरिक अवस्थामा परिवर्तन** : मानसिक रोगी व्यक्तिमा विविध खालको शारीरिक लक्षण देखिन्छ । जुन अस्वभाविक हुन्छ, जस्तो टाउको दुख्नु, रिङ्गटा लाग्नु, मुटुको धड्कन बढ्नु, पेट दुख्नु, अति कमजोर अनुभव हुनु तर बिरामीलाई जाँचेर हेर्दा केही पत्ता लगाउन सकिदैन । मानसिक रोगी राम्ररी निदाउँन सक्दैन । जब ऊ निन्द्राबाट बिउझिन्छ तब ऊ निदाउन सक्दैन । निन्द्राबाट बिउझेपछि ऊ आफूमा स्वास्थ्य रहेको अनुभव गर्न सक्दैन । मानसिक रोगीको भोक हराउँदै जान्छ, खाएको कुरामा स्वाद आनन्द आउदैन, तौल घट्दै जान्छ । मानसिक रोगीलाई यौन सम्पर्क गर्ने रहर घट्दै गएको हुन्छ ।

**मानसिक परिवर्तन** : मानसिक रोगी बेलाबेलामा उत्तेजित हुने वा दुःखी हुने गर्छ । कुनैबेला अति दुःखी हुने, रिसाउने, चिन्तित हुने, आफूमाथि धेरै ठूलो समस्या आइरहेको महशुस गर्दछभने कतिपय बेला अति नै खुसी हुने, आफू सबैभन्दा भाग्यमानी व्यक्ति भएको अनुभव गर्ने र आफूलाई कुनैपनि समस्या नभएको आभास हुने गर्छ तर यथार्थमा उसले सोचेको जस्तो अवस्था हुँदैन ।

मानसिक रोगी बढी वा अनावश्यक कुरा गर्ने हुन्छ तर कहिलेकाही अति नै थोरै वा पूरै नबोली बस्ने गर्छ । कतिपय मानसिक रोगीले भनेको कुरा बुझिदैनन् । तिनीहरुले बडो अनौठो विचार तथा सोच बनाउँछन् तर त्यो विचार तथा सोच अन्य मानिसहरुसँग मिल्दैन । रोगीलाई अरुले के भनिरहेको छ वा के गर्न भनिरहेको छ त्यो थाहा नहुन सक्छ वा नबुझ्न सक्छ साथै उसले सँधै गर्ने क्रियाकलाप पनि बिर्सेको हुन्छ । रोगीले कहिलेकाही अनौठो सोच व्यक्त गर्दछ । जस्तो उसलाई कोही व्यक्तिले विषपान गराउन खोजिरहेको महसुस गर्छ तर वास्तविकता त्यस्तो हुँदैन । रोगीले कहिलेकाही अनौठो सुन्ने र देख्ने हुन्छ तर त्यो अरुले सुनेको वा देखेको हुँदैन । उदाहरणको लागि उसले बाघ आयो भन्छ, तर त्यहाँ बाघ हुँदैन । सम्झने शक्ति हुँदैन, केही दिन अगाडिको घटनापनि बिर्सिसकेको हुन्छ ।

**व्यवहार परिवर्तन** : मानसिक रोगीको व्यक्तिगत बानीमा परिवर्तन भएको हुन्छ । उसको आफ्नो व्यक्तिगत सरसफाई, खानपान तथा कपडा लगाउने बानीमा परिवर्तन हुन्छ वा उसलाई त्यो बारेमा खासै केही चासो हुँदैन । कतिपय मानसिक रोगी झगडालु हुन्छन् वा सामाजिक व्यवहार परिवर्तन हुन्छ । उदाहरणको लागि अरुको अगाडि पिसाब फेर्ने, मनपरि बोल्ने र गाली गर्ने, अरुलाई आदर नगर्ने आदि ।

**मानसिक रोग व्यवस्थापन**

**परामर्शः** यो रोगको मुख्य व्यवस्थापन नै परामर्शबाट गरिन्छ । व्यक्तिको विचलन मानसिक अवस्थालाई परामर्शले सन्तुलन पार्न ठूलो योगदान पुऱ्याउँछ । मानिसले अस्वभाविक सोच, लक्ष्य,आवश्यकताबाट सिर्जित मानसिक विचलनलाई वास्तविकतासम्म पुऱ्याउने वा बुझाउने हुँदा यो औषधीभन्दा महत्वपूर्ण विधि हो ।

**औषधीः** मानसिक रोग उपचार विविध खाले थुप्रै औषधीहरु पाइन्छ । रोगको अवस्था हेरी औषधी छनोट गर्नु पर्छ । यो काम मानसिक रोग विशेषज्ञले मात्र गर्न सक्छ । यो रोग नियन्त्रण राम्रो पारिवारिक वातावरण बालबालिकालाई उचित सिकाई, निर्देशन, उचित अवसर एवं बातावरण सिर्जना गरिदिनुको साथै कुनै रोग लागेको भए समयमा नै जाँच तथा उपचार गर्नु नै यो रोग निदानको सर्वोत्तम उपाय हो ।

## नेपालको सैनिक इतिहास

**अघिल्लो अङ्कबाट बाँकी क्रमशः**

......आक्रमणको प्रतिकार गर्न तिनीहरुसित स्तरीय हतियार मात्र होइन। स्तरीय युद्धकलाको ज्ञान हुनु पनि उत्तिकै आवश्यक हुन्छ। सैनिक शक्तिमा वृद्धि गरेर वा हातहतियारद्वारा सुसज्जित भएर मात्र सैनिक संगठन सफल हुन सक्तैन भन्ने कुरा मकवानपुरको सहयोगार्थ आएका मीरकासिमको मुसलमान फौजले युद्ध कुशलता र योग्य नेतृत्वको अभावमा पृथ्वीनारायण शाहको सेनाको हातबाट पराजित भएर जानुपरेको मात्र नभई अन्ततः आफ्नै राज्यको अस्तित्व नै गुमाउनुपरेको घटनाबाट स्पष्ट हुन्छ। संक्षेपमा भन्ने हो भने सैंनक संगठनका निमित्त सबै आधारभूत आवश्यकताहरु पूर्ति गर्न राज्यलाई ठूलो आर्थिक भार वहन गर्नुपर्दथ्यो । गोरखा जस्तो आर्थिक दृष्टिकोणबाट कमजोर राज्यका राजा पृथ्वीनारायण शाह ती सबै आवश्यकताहरु तत्कालै पुऱ्याउ सक्ने स्थितिमा थिएनन् र यस सम्बन्धमा अरु राज्यहरुबाट ध्यान दिएको पनि पाइँदैन । अतः पृथ्वीनारायण शाहले सैनिक संगठन गर्नतर्फ अघि वढ्नुपरेको थियो । एकीकरण अभियान संचालन हुँदा प्रयोगमा ल्याइएका सैनिक शक्तिको आधारमा सैनिक संगठनको प्रारम्भिक स्वरुपबारे यहाँ केही चर्चा गर्नु प्रासङ्गिक देखिन्छ ।

पृथ्वीनारायण शाहले एकीकरण अभियान संचालन गर्ने हेतुले सैनिक संगठन गर्दा दुई किसिमका फौज वा सैनिक शक्ति प्रयोगमा ल्याएका थिए ती थिए अस्थायी र स्थायी सेना। माथि नै कै उल्लेख भइसकेको छ भने स्थायी सेनाको निमित्त आथिएक भार वढी पर्न आउँछ र त्यस बेला यस्तो आर्थिक भार बहन गर्न सक्ने स्थिति थिएन र पृथ्वीनारायण शाहले आफ्नो प्रारम्भिक अभियानहरुमा अस्थायी फौजलाई नै अत्याधिक मात्रामा प्रयोग थिए। अस्थायी फौज भन्नाले मध्यकालीन “विष्टी” वा झारा फौजलाई बुझाउँछ। मध्यकालमा यस्तो फौज एउटा राज्यले वैदेशिक आक्रमणको सामना गर्नुपर्दा वा छिमेकी राज्यको सहयोगार्थ सेना पठाउनुपर्दा प्रयोगमा ल्याईन्थ्यो। झारा प्रथा अन्तरगत प्रत्येक घरबाट जनताहरुलाई सरकारिया काजमा विशेषतः लडाईमा बिनाज्याला खाजामात्र दिएर अनिवार्य रुपले उपस्थित गराइन्थ्यो।

यसरी एउटा युद्धका निमित्त संकलन गरिएको झारा फौजले युद्धमा भाग लिनुपर्दा आफूसँग भएका हतियारहरु समेत बोकेर ल्याउनुपर्दथ्यो। सामान्यतया फौजका साथमा धनुर्वाण, ठोक्रो,ढाल, तरवार,खुँडा, खुकुरी, छुरी, कटारी, फर्सा, बर्छा, भाला, त्रिशूल, द्विशूल, एकशूल, घन, मुङ्गो इत्यादि हुन्थे ।

झारा फौजमा परिस्थिति अनुसार उमेरको हदबन्दी निर्धारण गरिन्थ्यो । गोरखाका राजा पृथ्वीपति शाहले १२ वर्षभन्दा र ८० वर्ष सम्मका मानिसहरुलाई फौजमा सम्मिलित गरेको चर्चा माथि नै गरिसकिएका छ । यसै अनुरुप पृथ्वीनारायण शाहले पनि झारा फौजको उमेरको हदबन्दी कायम गरेको देखिन्छ। बहादुर शाहको नायबीकालमा नेपालले चीनसँग युद्व गर्नुपर्दा १२ वर्षभन्दा माथि ८० वर्ष सम्मका सबैलाई युद्वमा भाग लिन लगाइएको थियो। तर पछि भीमसेन थापाको पालामा ६० वर्ष उँधोकालाई सेनामा प्रवेश गराइएको देखिदैन । झारा फौजमा सम्मिलित भएका व्यक्तिहरुले आफ्नो उपस्थितिको नाम लेखाउनुपर्दथ्यो। यसरी संकलन गरिएको झारा फौज जुन अभियानको निमित्त संकलन गरिएको झारा फौज जुन अभियानको निमित्त संकलन गरिन्थ्यो सो पूर्ण भएपछि विघटित गरिन्थ्यो ।

पृथ्वीनारायण शाहको नेतृत्वमा नेपाल एकीकरण अभियान विस्तृत रुपमा संचालन भएपछि अत्यधिक मात्रामा झारा फौजको प्रयोग हुन थाल्यो । यसले गर्दा तिनीहरुलाई बिनाज्यालामा प्रयोग गर्ने स्थिति आइपरेन, किनभने एकीकरण अभियानको प्रारम्भिक चरणतिर नै झारा फौजमा संलग्न भएका केही मानिसहरुले पृथ्वीनारायण शाहको पूर्वतर्फको अभियानको उद्देश्यलाई उनको व्यक्तिगत स्वार्थ सम्झेर उनको नियतमाथि शंका गर्न थालेका थिए। तीमध्ये कतिले बिनाज्यालामा उनीहरुलाई शत्रुको मुखमा हुल्ने काम पृथ्वीनारायण शाहले गर्न लागेछन् भन्ने प्रश्न समेत उठाए। यस्तो प्रकारको आरोप सुनेपछि पृथ्वीनारायण शाहले त्यस्ता मानिसहरुको शंका निवारण गर्न अँगालेको कदमबारे भाषा बंशावलीमा यस्तो लेखिएको छ :-

*बाँकी अर्को अङ्कमा....*

## तपाईंको राशिफल

**१ साउन देखि ऐ १५ सम्म**

*मू.प.सु. शिवशंकर न्यौपाने*
*ज्योतिषाचार्य*



***मेषः (चु, चे, चो, ला, ली, लू, ले, लो, अ,)-*** समय खासै राम्रो छैन । विभिन्न खाले कामको झमेला आइलाग्ने छ। आँफै पनि चैनसँग एकैछिन बस्ने फुर्सद नहोला । खर्च राम्रै हुने देखिन्छ। प्राकृतिक तथा अन्य अशुभ समाचारले मन खिन्न हुनेछ । खुशीसित गरेको व्यवहारमा बिस्तारै वैरभाव उत्पन्न होला । आफ्नो नियमित गतिविधिलाई नै निरन्तरता दिनसके भोलिको लागि राम्रो होला। नयाँ कामप्रति रुचि बढेपनि सफलता मिल्न कठिन छ।

***वृष (इ, उ, ए, ओ, वा, वी, वु, वे, बो,)-***तपाईंको लागि फलदायी समय आएको छ। मान्यजनबाट पनि उचित सल्लाह मिल्नेछ। शैक्षिक कार्यबाट केही गर्न सकिनेछ। आत्मबल बढ्ने छ, दिन दुईगुना रात चौगुना प्रगति गर्ने समय यहि नै होभन्ने जान्नुहोला। बोली बिक्नेछ, कसैसँग मनमुटाब नहोला भन्न सकिन्न। जागिरबाट सन्तोष लिने समय छ। आर्थिक उन्नतिको लागि काम हुनेछ। सन्तान सुख मिल्ने छ, आन्नददायी समय छ।

***मिथुन (का, की, कु, घ, ङ, छ, के, को, हा,)-***तपाईंको लागि सामान्य समय छ। महिनाको शुरुमै खर्च अलि बढी हुने छ। शरीर केही आलश्य हुने, रुघाखोकी जस्ता सामान्य स्वास्थ्य समस्याले पिरोल्ने छ । यात्राको योग छ, तरपनि याात्राबाट सोचेअनुरुप सफलता मिल्ने देखिन्न । रिसले कहीं नोक्सान पनि पुऱ्याउला । बिचारेर मात्रै नयाँ कामको लागि निर्णय लिनु बेश हुनेछ। जागिर तथा परिवारबाट राम्रै सहयोग प्राप्त हुनेछ।

***कर्कट (ही, हू, हे, हो, डा, डी, डू, डे, डो,)-***कर्कट राशिका लागि यो समय आश लाग्दो हुनेछ। सरकारी सेवाबाट कुनै महत्वपूर्ण उपलब्धि हात लाग्न सक्छ। कामको जिम्मेवारी बढ्ने र आफूले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। खानपिन एवं भेटघाटमा समय बितेको ख्याल नहोला । परिवारमा सन्तोषको वातावरण बन्न छ। विश्वास गरेका व्यक्तिबाट घात हुन सक्नेछ। जग्गा तथा भवन सम्बन्धी कार्य हुने देखिन्छ।

***सिंह (मा, मी, मु, मे, मो, टा, टी, टु, टे,)-***तपाईंको लागि त्यति भरपर्दो समय मान्न सकिन्न। शरीर कमजोर हुने आत्मबल कमी हुनसक्छ । मन चञ्चल होला । एउटै काममा लामो समयसम्म गरिरहने वातावरण बन्न गाह्रो हुनेछ। खर्च अलि बढी हुने देखिन्छ । शैक्षिक एवं यात्राको पक्षमा भने राम्रै हुनेछ । सरकारी सेवाबाट लाभ मिल्ने समय छ। सन्तान एवं पारिवारिक पक्ष सन्तोषप्रद नै मान्न सकिन्छ।

***कन्या (टो, प, पी, पु, ष, ण, ठ, पे, पो)-*** तपाईंको लागि उपयुक्त समय आएको छ। ठूलो कामको अवसर आउने छ । व्यवहारिक समस्या आफै पाखा लाग्नेछन्। सानातिना मुद्दा मामिलामा विजय हात लाग्ने छ। शत्रु पराजित हुनेछन्। मन उमङ्ग भइ के के गरौं भन्ने भावना जागृत होला । सामाजिक कामको लागि खटने समय पनि यहि हो । जिम्मेवारीपूर्ण तरिकाले सम्पन्न गर्नु होला।

***तुला (र, री, रु, रे रो, ता, ती, तू ते) -***तुला राशि हुनेका लागि यो समय फलदायक नै हुनेछ। विभिन्न पक्षबाट सहयोगको राम्रो वातावरण मिल्ने छ। शारीरिक एवं मानसिक दुवै पक्षबाट सफलता मिल्नेछ। यो समयमा नयाँ कामको थालनी हुने देखिन्छ। नोकरीबाट साँच्चिकै सन्तोषको सास फेर्न पाइएला। व्यापार व्यवसायतिर प्रगति हुनेछ। घरपरिवारबाट अलग हुने समय छ। यात्रा होला।

***वृश्चिक (तो, ना, नी, न, ने, नो, या, यी, यु)-***तपाईंको लागि पनि उपयुक्त नै समय छ। सामाजिक एवं धार्मिक कार्य वृद्धि हुने छ । ज्ञानगुन तथा सामाजिक प्रतिष्ठा मिल्ने छ । आर्थिक लाभ हुने र भेटघाटको पनि योग छ तर शरीरले पूर्ण साथ देला भन्न सकिन्न। बोल्दा ख्याल गर्नु पर्नेछ, आफन्त भनिनेहरुबाट सजग रहनु होला। आफ्नो विचार राख्दा अरुको पनि ख्याल गर्नु होला । शैक्षिक प्रगतिमा लाग्ने समय छ।

***धनु (ये, यो, भा, भी, भू, ध, फा, ढा, भे)-***तपाईंलाई समयले पूर्णरुपमा साथ दिने देखिन्न । सानातिना समस्या आइलाग्ने देखिन्छ । तपाईंले राम्रो गरे पनि मान्नेले नराम्रो मान्लान्। आफ्नो कुरो राख्दा विचार पुऱ्याउनु होला। जागिरमा पनि उतर चढाव आउन सक्छ तर त्यसबाट बिचलित हुनु पर्ने देखिन्न । सामाजिक धार्मिक कार्य सम्पन्न हुने छ। पैतृक सम्पत्ति हात पर्ने देखिन्छ। पारिवारिक सुखमा कमी आउने छैन्।

***मकर (भो, जा, जी, खी, खु, खे, खो, गा, गी)-***यो समय मकर राशि हुनेहरुका लागि लाभप्रद देखिन्न। सानातिना कामले पनि दिनुसम्म दुःख देला । विभिन्न महत्वपूर्ण ठाउँको यात्रा हुनेछ। भाइवन्धु तथा अन्य इष्टमित्रहरुबाट आवश्यक सहयोग मिल्ने छ। जागिरमा सन्तोषजन भएपनि सोचेजस्तो उन्नति हुने देखिदैन। शत्रुले हर बखत दुख दिन सक्छन्। परिवारमा कष्ट होला। परिवारको स्वास्थ्योपचारमा पैसा खर्च गर्नु पर्नेछ। भाग्योदय सम्बन्धी अस्थिर काम होला।

***कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, दा)-***कुम्भ राशिका लागि प्रगतिको समय आएको छ । वौद्धिक एवं सिर्जनात्मक कार्य गर्न सकिने छ। परिवारको आत्मबल बढ्ने छ। बोलीको प्रभाव रहने समय छ। मेवा मिष्ठान आदि परिकार मिल्ने छ। परिवार एवं सन्तानबाट सोचेअनुरुप सहयोग मिल्न कठिन छ। व्यक्तिगत भन्दा सामाजिक कार्यबाट राम्रो स्थान मिल्ने छ। माया प्रेममा राम्रै देखिन्छ। अन्य उपभोगका सामान प्राप्त हुनेछन ।

***मीन (दी, दु, थ, झ, ञ, दे, दो, चा, ची)-***तपाईंको लागि भरपर्दो समय मान्न सकिन्न । परिवारको उचित सहयोग मिल्ने देखिन्न। धार्मिक तथा अन्य सामाजिक कार्यतिर मन जाने छ। पैतृक सम्पत्ति हात लाग्न कठिन छ। व्यापार व्यवसायबाट उचित लाभ निकै धाउनु पर्ने छ । विवादमा परिएला, यतिबेला नयाँ कामको लागि फुर्ति नगर्नु नै बेश हुनेछ। पुरानै गतिविधिलाई निरन्तरता दिनु लाभदायक होला।

## प्रधान सेनापतिद्वारा पश्चिमाञ्चलका युनिटहरूको निरीक्षण

प्रधान सेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले गत असार ११ गतेबाट १३ गतेसम्म पश्चिमाञ्चल अन्तर्गत तैनाथ रहेका विभिन्न सैनिक युनिटहरुको निरीक्षण गर्नुभई सकलदर्जालाई सम्बोधन गर्नुभयो ।

उक्त निरीक्षणका क्रममा प्रधान सेनापति श्री गुरुङ्गले गत असार १२ गते गोरखास्थित भैरवीदल गणको पालुङ्गटार पोष्टको निरीक्षण गर्नुको साथै सोही दिन लम्जुङ्गस्थित रणबम गणको बार्षिकोत्सव समारोहमा सरिक हुनु भएको थियो ।

सो अवसरमा प्रधान सेनापति श्री गुरुङ्गले रणबम गणअन्तर्गत रहेका मध्यमर्स्याङ्दी जलविद्युत् परियोजना सुरक्षार्थ तैनाथ रहेको रणबम गणको सुरक्षा पोष्टहरु सिउडीबार पोष्ट, पावर हाउस पोष्ट र उदीपुर (ड्याम्म साईड) पोष्टसमेत निरीक्षण गर्नुभएको थियो ।

यसैगरी प्रधान सेनापति श्री गुरुङ्गले असार १२ गते कसरास्थित चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ रहेको श्री गोरखबहादुर गणको निरीक्षण गर्नुभएको थियो ।

## जवान भान्छा उद्घाटन

### नं. ४ हवाई सुरक्षा व्याट्री

श्री मध्य पश्चिम पृतना हे.क्वा सुर्खेत अन्तर्गत रहेको श्री नं ४ हवाईसुरक्षा ब्याट्रीमा नवनिर्मित ४० बेड जवान लाईनको गत असार ७ गते उक्त पृतनाका पृतनापति उपरथी श्री केशवराज महतले एक समारोहकाबीच उद्घाटन गर्नु भएको छ।

### नं. २१ वाहिनी अड्डा

पूर्वी पृतनापति श्री नरेन्द्र बहादुर रावलले २१ बाहिनीमा गत असार २० गतेबाट सञ्चालन भएको दुई दिने बाहिनी सम्मेलनको २१ गते एक कार्यक्रमकाबीच समापन गर्नु भयो। सो अवसरमा वाहिनीअन्तर्गतबाट सहभागी विभिन्न युनिटका युनिटपतिहरुलाई शम्बोधन गर्नुभएको थियो ।

सोही दिन श्री विकास निर्माण तथा स्थपति महानिर्देशनालयको आर्थिक सहयोग तथा वाहिनीको आन्तरिक स्रोत एवं सकलदर्जाको अथक प्रयासबाट श्री नं. २१ बाहिनी अड्डामा निर्माण भएको जवान भान्छा घरको उपरथी श्री नरेन्द्र रावलले एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभयो ।

## घाइतेहरुको उद्धार

प्युठानस्थित श्री चण्डीदल गणले दाङ्गवाङ्ग गा.वि.स. वडा नं.४ अमिली भन्ने स्थानमा गत असार ६ गते भएको ट्याक्टर दुर्घटनामा परी घाइते भएका ३४ जनामध्ये ९ जनालाई चण्डीदल



गणबाट गएको स्वास्थ्यकर्मी सहितको एक टोलीले उद्धार गर्नुको साथै आवश्यकतानुसारको उपचार तथा औषधी वितरण गरेको छ।

## गरुडदल गणद्वारा बम निष्क्रिय

पाल्पास्थित श्री गरुडदल गणले नायरनम्तलेस गा.बि.स वडा नं ९ चौपारी किटानी



भन्ने ठाउँमा प्लास्टिक र झोलामा बेवारिसे हालतमा फेलापरेको पाईप वम तथा सकेट बमलाई गत असार ९ गते सुरक्षितसाथ निष्क्रिय गरेको छ।

## यस्तो पनि....



चल्छ जब दुश्मनले राष्ट्र लुट्ने कुरो
लिङ्ग उमेरभन्दा पनि राष्ट्रप्रेम ठूलो।

## बजार सरसफाई

अर्घाखाची जिल्लाको सदरमुकाम संधिखर्कमा जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको संयुक्त तत्वावधानमा जिल्लास्थित सम्पूर्ण कार्यालयका कार्यालय प्रमुख र कर्मचारीहरुको



सहभागितामा जिल्लामा हप्ताव्यापि सरसफाई कार्यक्रम सम्पन्न भएको छ।

सोही अवसरमा श्री चन्दननाथ गणबाट गत जेठ २५ गते अधिकृत, पदिक तथा जवानहरुसहित करिब २५० जनाले संधिखर्क सदरमुकामस्थित शान्ति बगैंचा र पान्चायन मन्दिर ईलाकाको सरसफाई गर्न सहयोग गरेका छन्।

## रानी महलको संरक्षण

पाल्पास्थित श्री गरुडदल गणले आफ्नो जिम्मेवारी क्षेत्रभित्र पर्ने पाल्पा जिल्लाको ऐतिहासिकस्थल रानिघाटमा अवस्थित स्थानीय रानीमहलको पूर्वतर्फ ग्याविनमा ढुङ्गाभरि करिब ६० हजार रुपैयाँ बराबरको श्रमदान गरेको छ।



स्थानीयवासीको अनुरोधमा सो गणले करिब ४० मिटर लम्बाई, डेढफिट चौडाई र २ मिटर अग्लो ग्याविन वायरमा ढुङ्गा राखि पर्खाल निर्माण कार्य गरेको हो। गणमा सञ्चालन भएको सि.सं ३९ बिल्लादार क्याडर तालिमका शिक्षार्थीहरुले वाहिरी अभ्यासकाक्रममा उक्त श्रमदान गरेको सो गणले जनाएको छ।

## सैनिक हतियार



AK 105 Assult Rifle

**MILITARY THOUGHTS**

**The aim of military training is not just to prepare men for battle, but to make them long for it.** Louis Simpson

**An army without culture is a dull-witted army, and a dull-witted army cannot defeat the enemy.** Mao Zedong

पर्यावरण सम्वर्द्धनमा नेपाली सेना

**भवानी बक्स गण :**

बुटवलमा तैनाथ रहेको श्री भवानी बक्स गणले यही असार १३ गते व्यारेक परिसर तथा योगीकुटी वन इलाकाको खाली जमिनमा विभिन्न प्रजातिको विरुवाहरु वृक्षारोपण गरेको छ । उक्त वृक्षारोपण कार्यक्रममा विभिन्न सरकारी तथा गैर-सरकारी कार्यलयका प्रमुखहरु, राजनैतिक दलका प्रतिनिधिहरु, विभिन्न मिडयासँग सम्वन्धित पत्रकारहरु र विद्यार्थीहरुको उल्लेख्य सहभागीतामा सम्पन्न गरेको छ ।





**भीमदल गण :**

गत असार १३ गते भीमदल गण हे.क्वा तथा अन्तर्गतका सुरक्षा बेशहरुको खाली जमिनमा विभिन्न जातका गरी करिब ३५ सय बोट विरुवाहरु बृक्षरोपण गरिएको छ ।

गणका सकलदर्जाको सहभागीतामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न जातका फलफूल तथा घाँसपातका बिरुवाहरु लगाइएको छ ।

**नयाँ गोरख गण :**

पोखरास्थित श्री नयाँ गोरख गणले वन महोत्सवको उपलक्ष्यमा गत असार १३ गते पोखरा महनागरपालिका वडा नं. १४ स्थित सेतीदोभान इलाकामा करीव ५०० वटा विभिन्न प्रजातिका विरुवाहरु रोपेका छ । यसैगरी सोही दिन सो गणअन्तर्गत रहेका सुरक्षा गुल्म रत्नमन्दिर, सुरक्षा पोष्ट सारङ्गकोट र काँडेमा पनि सकलदर्जाले व्यारेक परिसरमा वृक्षरोपण गरेका थिए ।

पोखरा महानगरपालिकामा आयोजित वृक्षारोपण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, अन्य सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख तथा स्थानीय वासिन्दा लगायत गणका सकल दर्जाहरुको सहभागीता रहेको थियो ।



**बटुकदल गण :**

गत असार १३ गते बन महोत्सवको अवसर पारेर पांचथरस्थित श्री बटुक दल गण तथा अन्तर्गतकका सुरक्षा बेशहरुले व्यारेक पेरिमिटर लगायत व्यारेक नजिक रहेको परिवार आवास गृह हातामा विभिन्न प्रजातिका २०० वटा विरुवा रोपेको छ ।



**भगवती प्रसाद गुल्म :**

तेहथुमस्थित श्री भगवती प्रसाद गुल्मले वन महोत्सव २०६७ को उपलक्ष्यमा गत असार १७ गते बृक्षरोपण गरेको छ ।

उक्त गुल्म र जिल्ला वन कार्यालयको संयुक्त आयोजनामा स्थानीय उराठे सामूदायिक वन क्षेत्रमा सल्ला, लप्सीजस्ता विरुवाहरु वृक्षरोपण गरिएको थियो । जिल्ला न्यायाधिसको अगुवाईमा सम्पन्न भएको सो बृक्षरोपण कार्यक्रममा जिल्लास्थित कार्यलयका प्रमुखहरु लगायत स्थानीय वासिन्दाहरुकोसमेत सहभागिता रहेको थियो ।

**कालीदत्त गुल्म :**

गुल्मीस्थित श्री कालीदत्त गुल्मले वन महोत्सवको उपलक्ष्यमा गत असार १३ गते धागीधुम मन्दिर परिसर तथा व्यारेक हातामा विभिन्न प्रजातिको वृक्षरोपण गरेको छ ।

उक्त बृक्षरोपण कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरुलगायत सकलदर्जाको सहभागीता रहेको थियो ।














# राष्ट्र सेवाको कशम खाएका हरेक सैनिकलाई म हृदयदेखि सम्मान गर्दछु।

**- नायक शुसील क्षेत्री**

सिपाहीको चौतारीमा नायक शुसील क्षेत्री

ललितपुर सानेपामा जन्मनु भएका नायक सुशील क्षेत्री(भण्डारी) वि.सं. २०५१ सालबाट अभिनय यात्रामा लाग्नु भएको हो । सानैदेखि क्यारिकेचर गर्ने बानी भएकोले आफ्नो माइलो दाजुसँग ड्रामा हेर्न जाने गरेको र त्यसैको प्रभाव र प्रेरणाका कारण यस क्षेत्रमा लागेको वताउनु हुने सुशील क्षेत्री चर्चित निर्देशक तथा निर्माता नारायण पुरीको सहयोगमा चलचित्र आगोबाट नायकको भूमिकामा अभिनय गर्न पाएको समेत सगर्व वताउनु हुन्छ । ६० भन्दाबढी नेपाली चलचित्रमा अभिनय गरिसक्नु भएका नायक क्षेत्री हाल कवच फिल्मको डविङ्ग कार्यमा व्यस्तरहँदै फूल भयो जिन्दगी नामक चलचित्रको सुटिङ्गसमेत भइरहेको जानकारी दिनुहुन्छ ।

अभिनय क्षेत्रमा उहाँले चलचित्र विषबाट के.टी.भी. अवार्ड ०६६ र राष्ट्रिय चलचित्र प्रतिभा पदक प्राप्त गर्नुभएको छ । यसैगरी भारतीय सिनेकर्मीहरु नेपालमा आएकोबखत उहाँले अभिनय गरेको चलचित्र आगोले दर्शकहरुलाई पारेको प्रभावलाई देखेर कलकत्ता स्टेटको सबभन्दा ठूलो अवार्ड भारतीय सिनेकर्मी रनी मुखर्जीबाट प्राप्त गर्नुभएको छ । यिनै विविध विषयमा सिपाहीको चौतारीमा उहाँसँग गरिएको कुराकानीका केही अशः

-तपाईंको विचारमा कलाकार हुन के चाहिन्छ ?

सबैभन्दा बढी अभिनय क्षमता नै हो भन्ने लाग्छ । साथै दर्शकको रुची र कथाले मागे अनुसार अभिनय गर्न सक्ने खुबी हुनु पर्छ भन्ने मेरो बुझाई छ ।

-कलाकारिता क्षेत्रमा प्रवेश गर्दाका दिनमा र अहिले के फरक अनुभव गर्नुभएको छ ?

पहिलेपहिले थोरै स्टुडियोहरु थिए भने अहिले धेरै छन् र प्रविधिकै कुरा गर्ने होभने डिजिटल सिस्टमसमेत भित्रिसकेको अवस्था छ । पहिले कथाले मागे धेरैमाथिबाट पनि हामफाल्नै पर्थ्यो रियल स्टण्ट गर्नु पर्दथ्यो तर अहिले डिजिटल सिस्टमका कारण त्यस्तो बाध्यता छैन, जेगरेनि मिल्छ । प्रविधिको सुविधाका कारण अभिनय थोरै गरेपनि धेरैजस्तो देखिन्छ । यसैगरी आर्थिक लाभ र प्रसिद्धिको दृष्टिले हेर्ने हो भने विगतमा विश्वज्योतिमा एउटै फिल्मले २५/३० लाखको आम्दानी गर्दथ्यो र पनि आम्दानी भएन भनिन्थ्यो । अहिले लागत झन धेरै लाग्छ तर १५/१६ लाखको आम्दानी भयो भने सिनेमा सुपर डुपर हिट भयो भनेर चित्त बुझाउनु पर्ने अवस्था छ । अहिले प्रतिस्पर्धात्मक बजार छ मुलतः यस्तैयस्तै फरक छन् ।

-अहिलेसम्म अभिनय गरेकोमध्ये कुन फिल्मबाट आत्मसन्तुष्टि मिलेको छ ?

**आगो** नै हो, दर्शकहरुको मन छुने र माया पाएको चलचित्र भएकोले यसैबाट धेरै आत्मसन्तुष्टि मिलेको अनुभूति छ ।

-अहिलेसम्म अभिनय गरेकोमध्ये कुन फिल्मको कुन क्यारेक्टरमा बढी सुहाएजस्तो लाग्छ ?

दर्शकहरुले **आगो** मै सुहाएको छु भन्नु हुन्छ, यस्तै मुङ्गलान र ख्यालै ख्यालैका अभिनयहरुमा पनि सुहाएको छु जस्तो लाग्छ । खासगरि ख्याल ख्यालैमा खाते बच्चा पालेर शिक्षादिक्षा दिएर ठूलो मानिस बनाउने भूमिका भएकोले विशुद्ध सामाजिक दायित्व र मानवीय भावनाप्रधान मेसेज ओरियण्टेड अभिनय भएकोले पनि आत्मसन्तुष्टि मिलेकोजस्तो लाग्छ ।

-पर्दा भित्रको कलाकार र पर्दा बाहिरको कलाकारमा के फरक छ ?

पर्दा भित्र म पात्र (क्यारेक्टर) मात्रै हुँ, र पर्दा बाहिर म सुशील क्षेत्री हुँ ।

-नेपाली कलाकारमध्ये कस्लाई आदर्श कलाकार मान्नु हुन्छ ?

हास्य कलाकार मदन कृष्ण श्रेष्ठ र हरिवंश आचार्य ।

-एउटा स्थापित कलाकारभन्दा बाहेक सुशील क्षेत्री के हो ?

कलाकारभन्दा बाहेक सुशील क्षेत्री अरुजस्तै एउटा साधारण व्यक्ति मात्रै हो ।

-कलाकारितामा लागेर तपाईंले के पाउनुभयो के गुमाउनु भयो ?

कुनैपनि शव्दले व्यक्त गर्नै नसक्ने गरी दर्शकहरुको अपार माया पाएँ, तर नायक भएपछि धेरैजसोले चिन्ने भएकोले हरेक दृष्टिले सामाजिक मर्यादामा रहनु पर्ने हुँदा केही वैयक्तिक स्वतन्त्रता गुमाएकोजस्तो आभास हुँदोरहेछ ।

-तपाईको विचारमा जीवन के हो ?

जीवन संघर्ष हो, जबसम्म जीवन रहन्छ, तबसम्म सघर्ष रहन्छ, त्यही नै जीवन हो ।

-प्रसङ्ग बदलौं, शारीरिक बनोटको हिसावले त आर्मी बन्न सुहाउने जिउडाल रहेछ नि ? आर्मी बन्ने रहर कहिल्यै जागेन ?

शुरुमै कलाकार बन्ने इच्छा जागेकाले सैनिक बन्नेतिर ध्यानै गएन तरपनि आर्मी पेशा मेरो लागि सम्मानजनक पेशा हो किनकि यस पेशामा लाग्ने व्यक्ति नै राष्ट्रका खम्वा हुन् । त्यसैले राष्ट्र सेवाको कशम खाएका हरेक सैनिकलाई म हृदयदेखि सम्मान गर्दछु ।

-नेपाली सेनाले राष्ट्रका लागि के गर्न बाँकी छ जस्तो लाग्छ ?

मेरो बुझाईमा सेनाले राष्ट्रलाई आपतविपद् पर्दा सहयोग गर्छ, राष्ट्र जोगाउँछ, राष्ट्रियता बचाउँछ, यो पेशागत धर्मबाट दायाँबायाँ लागेको छैन । त्यसैले सेनाले यो नै गर्न पनि सेनाले राष्ट्रिय आवश्यकताअनुसार आफूलाई हितमा समर्पित गर्ने कुरामा आमनेपालीजस्तै म पनि सेना अहिलेसम्म बाँकी छ भन्नुभन्दा देश र जनताको विश्वस्त छु ।



-तपाईको नजरमा नेपाली सेना के हो ?

नेपाली सेना राष्ट्रको जग हो । यसैको जगमा हाम्रो देश सदा स्वाधिन र स्वतन्त्र राष्ट्रिय जीवन बाँचेको छ । यिनैका रगत पसिनाका योगदानले हामी कहिल्यै परतन्त्रको दास हुनु परेन । नेपाली सेनाका हनोहार जवानहरु राष्ट्रका प्राण हुन् । त्यसैले सँधैं झै आफ्नो कर्तव्यमा अझै जिम्मेवारीबोधका साथ लाग्नुहोस् ।

-अन्त्यमा, सेना भित्रका तपाईका फ्यानहरुलाइ के भन्नुहुन्छ ?


नेपाली चलचित्रलाई माया गरिदिनुहोस्, कुनै कमीकजोरी भएमा औंल्याई दिनुहोस् र समग्र नेपाली कलाकारितालाई माथि उकास्न सहायोग गरिदिनुहोस् । तपाईहरुबाट यस्तैयस्तै मायाको अपेक्षा........ ।



# सेनाको गौरवमय प्रतिक जङ्गी अड्डाको 'कुम-ब्याच'

- **कालीतान्त्रिक जीवनराज विष्ट (उपाध्याय)**

सेना देशको अमूल्य निधि हो । त्यसैगरि नेपाल राष्ट्रको गौरव गरिमा र महिमाको रुपमा रहेको सेनाको इतिहास झण्डै दुईसय पचहत्तर वर्षभन्दा पनि पूरानो रहेको पाइन्छ । नेपाली सेना विश्व वीरताको रङ्गमञ्चमा वीरताले अलंकृत रहेको छ। राष्ट्रको स्वाभिमान जोगाउन हरहमेसा चनाखो रहेको इतिहास साक्षी छ। हाम्रो ओज, सम्मान र गौरवको गाथाले सु-सज्जित सेनाको आफ्नै ऐतिहासिक पृष्ठभूमि रहेको छ। अझै सैनिक मूख्यालयले प्रयोग गर्दै आएको **'कुम-ब्याच'** षट्कोणयुक्त त्रिशुलको रहस्य त ज्यादै नै गहन रहेको पाइन्छ। तल र माथितिर फर्केको दुबै त्रिकोणको मिलनबाट षट्कोण बन्दछ। तलतिर फर्केको त्रिकोण शक्तिस्वरुपा जगदम्बाको प्रतिक हो भने माथितिर उर्ध्वमूख भएको त्रिकोण शिवस्वरुप हो। यी दुबै त्रिकोणको मिलन शिवशक्तिको संयोजन श्रृजना पनि हो । शिवलाई महाकाल कालमाथि पनि विजय मंहामृतुन्जयको रुपमा प्राप्त गर्ने कालातीत कालको क्षेत्र वा अधिनमा नरहने हुँदा सर्वत्र विजय हासिल गरिरहने दिव्य स्वरुपमा लिइन्छ ।



अझै तन्त्रमा उल्लेख भएनुसार आज्ञाचक्रमा शिवशक्तिको अर्धनारीश्वरको रुपमा दर्शन गरिन्छ भने आज्ञा चक्रभन्दा माथि रहेको अति नै सुक्ष्म चक्र जस्लाई रोधिनि, निरोधिनि नामले सम्बोधन गरिएको छ । ती चक्रभन्दा माथि प्रवेश गरेपछि कालले स्पर्स गर्न नसक्ने समयधिन अवस्था रहन्छ त्यसैको दिव्यस्वरुप पनि शिवस्वरुप हो । यसबाट सेनाले प्रयोग गरेको यो प्रतिकले नेपाली सेना समयाधिन भन्दामाथि सर्वत्र विजयी सर्वशक्तिमान र निरन्तर गतिशील रहिरहेको भन्ने संकेत पनि गर्दछ। यी त्रिकोणको संयोजनबाट जल र अग्निको संकेत पनि भएको हुन्छ। जल जमिनमा बग्दा त्रिकोणरुपधारण गरी बग्न सुरु गर्दछ भने दन्की रहेको अग्निको ज्वालालाई ध्यान दिएर हेऱ्यौं भने त्यो ज्वालाले पनि त्रिकोणको स्वरुप लिएको देख्न सकिन्छ । यी दुबै संकेतहरुले सेनालाई महाप्रलयबाट जोगाउन सक्ने दिव्य शक्तिको सुक्ष्म संकेत पनि भनेर पहिचान दिएको पाइन्छ।

त्रिशुलमा युक्त **डमरु** त झनै आनन्दको झंकारले युक्त रहेको छ। त्रितापहरणदेखि नाद, विन्दु र कलाको संकेत नै **डमरु** हो । यो पनि दुबै त्रिकोणको मिलनबाट बनेको छ । **डमरु** नै षट्कोणको प्रतिक हो । **डमरु**को जोडिएको बीचभाग छिनेको जस्तो गहिरो रहेको छ, दुबै त्रिकोणको मिलन नै यहि हो । **डमरु**बाट उत्पन्न हुने नादबाट नै संगीतकला व्याकरणको मूल स्रोत हो। नाद, आहात र अनाहात गरी दुई प्रकारको हुन्छ। ध्यानावस्थामा सुनिने अनाहात हो भने बाह्य जगत्मा सुनिने आहात नाद हो । मानिसमा सामान्य नाद हुन्छ, ब्रह्माण्डमा महानाद वा मेघनाद रहन्छ । शब्द नै ब्रह्म इश्वर हो त्यसैको प्रतिक पनि **डमरु** रहेको छ । नादबाट नै कलाको उत्पत्ति हुन्छ । सेना युद्धकला, अश्वकला, नृत्यकला एवं रणकौशल महाशक्ति हो भनि यो नाद्दध्वनिले संकेत गरिरहेको छ ।

**डमरु** बज्दा विन्दूको स्पर्सबाट नाद उत्पन्न हुन्छ, दुबैतिर स्पर्स हुने विन्दुले मानवको इडा, पिंगला नाडीको संकेत गरिरेको छ, जुन जगतसँग सम्बन्धित जीवको जीवन यात्रा श्वासप्रश्वासको संकेत रहेको छ । इडा र पिंगलालाई चन्द्र र सूर्य नाडी भनिन्छ, यिनै संकेतमा दुबै त्रिकोणमा चन्द्रमा मन र सूर्य आत्मा रहेको नेपालको दुई त्रिकोणात्मक राष्ट्रिय झण्डासमेत युगौयुगदेखि नेपाल राष्ट्रको गौरव गाथाको प्रतिनिधित्व गरी हाम्रो पहिचाहन दिदै फर्फराइ रहेछ। नेपाल राष्ट्रको गौरव, गरिमा र महिमाको ओजश्वी शान धारण गरेको नेपाली सेनाको यो दिव्य षट्कोणयुक्त त्रिशूलको रहस्य ज्यादै गहन रहेको हुँदा नाद, विन्दू, कला र सैन्यबल राष्ट्रको वीरताको महत्वपूर्ण विषय रहेको छ। (क्रमशः अर्को अङ्कमा )

# गीत



जम. राम कुमार के.सी.
श्री बिशेष सुरक्षा बल,नारायणहिटी

छोराः- भर्ति हुन जान्छु म आमा
राष्ट्रसेवक नेपाली सेनामा ।
आमाः- नजाउ छोरा लडाइँमा परिन्छ
के भरोसा अकालमै मरिन्छ ।
छोराः- मेरो लागि नलिनुस पिर
शत्रु सामु झुक्दैन यो शिर ।
आमाः- पुगेको छ लाउन र खान
म बाचुन्जेल पर्दैन कहि जान ।
छोराः- खान्छु जागीर सेनामै अवश्य
यो छोराको नबिर्गानुस भविश्य ।
आमाः-छोरा तिम्रो सँधै होस भलो
दिन्छु आशिष सोच्दिन कुभलो ।
छोराः- जान्छु आमा आर्शिवाद दिनुस्
आउछु फर्कि पिर चिन्ता नलिनुस् ।
आमाः- टिका लगाई साईत गरी पठाउला ।
कहिलेकाहि भेट्नलाई मै आउला ।
छोराः- छुट्टी मिलाई आउछु म कहिलेकाहि ।
विदा दिनुस जान्छु म अहिलेचाहि ।
आमाः-ईमान्दारी साहसी एक
मेरो छोरा राष्ट्रको सेवक ।
छोराः- साह्रै खुसि म आज भाको छु
देशको सेवा गर्नलाई पाको छु ।
आमाः- मन बुझाउला घरमै बसि
मैले छोरा जन्माएछु साहसी ।

# धन्य हुन्थ्यो मेरो जीवन

अम प्रेम कुमार पौडेल
श्री भवानी बक्स गण दैलेख

सौभाग्यले सिपाही बनी देशको सेवा गर्न पाए
धन्य हुन्थ्यो मेरो जीवन देशकै खातिर मर्न पाए
अखण्डता थिचोमिचो विद्रोहको हावी हुँदा
राष्ट्रियता सिमानामा विदेशीको दावी हुँदा
इतिहासका खाली पाना रगतले भर्न पाए
धन्य हुन्थ्यो मेरो जीवन देशकै खातिर मर्न पाए

मानवताको विरुद्वमा प्रकृति नै जुटछन् भने
शान्तिको विपक्षमा खस्रा आवाज उठ्छन् भने
म छातीमा बारुद कोचि खवरदारी जनाउने छु
राष्ट्रघाती बेइमानहरुलाई धुस्नो धुलो बनाउने छु
नेपालीको सुवास अझै परसम्म छर्न पाए
धन्य हुन्थ्यो मेरो जीवन देशकै खातिर मर्न पाए

स्वार्थ भन्दा देश प्यारो आश छैन विलासको
पसिनाको आर्जनमा आनन्द छ कैलाशको
कति चाहिन्छ देशलाई मासु काटि शरीर जोखिदिन्छु
कति चाहिन्छ देशलाई रगत चाहिएजति पोखिदिन्छु
जुन माटोमा उम्रिए म त्यही माटोमा झर्न पाए
धन्य हुन्थ्यो मेरो जीवन देशकै खातिर मर्न पाए

अधिनस्थ स्वाधिनता धिरताको कुरा मात्रै
इतिहासमा लेखिने छ विरताको कुरा मात्रै
जो जनताको आदेशलाई सर्वोपरी ठान्दछ यहाँ
जो मर्न तयार छ उही बाँच्न जान्दछ यहाँ
हाम्रा भावी दरसन्तानमा यही सन्देश छर्न पाए
धन्य हुन्थ्यो मेरो जीवन देशकै खातिर मर्न पाए

# नेपाली सेना

सि.खेम मास्की
श्री ईन्द्रबक्स गण "क" गुल्म

हिपहप र ट्यापे होइन मैले
पाटे बाघको छाला लाएको छु
विदेशी भूमिमा होइन मैले
जन्मभूमिमा जागिर खाएको छु
माया प्रेमका होइन मैले
देशभक्तिका गीत गाएको छु
हत्या र हिंसा होइन मैले
शान्तिको लागी पसिना बगाएको छु
अरुको गुलामी होइन मैले
देश सेवामा धाएको छु
त्यसैले,
आइसि र डलर होइन मैले
नेपाली रुपियाँ पाएको छु ।

# मौनता



**हु.क.सन्देप श्रेष्ठ**
**सैनिक अभिलेखालय**

लाचार छु अनि विवस पनि
घायल यी नयनहरुलाई देख्दा
भित्रभित्रै आँशुको नशामा डुब्न पुगेछु आज
मनको यी मौनतालाई देख्दा
सहनशिलताको सिमा पनि कहाँ अल्झिएछ खै
आँधिरुपी दृश्य सलबलाएको देख्दा
एकाग्र हृदयको धागो पनि किन चुडिएछ आज
मानवरुपी जीवन नाङ्गिएको देख्दा
ओझेलमा छु अनि बाध्यतामा
अवोध भावनाहरु पिँजडामा देख्दा
पाइलारुपी शव्दहरु पनि टक्क अडिएछ आज
अनायसै छायाको पछाडि भौतारिएको देख्दा
विश्वासको पाना पनि कहाँ च्यातिएछ खै
राताम्य भई हृदयको भित्ताहरु पोतिएका देख्दा
सान्त्वनाको दुई शब्दहरु पनि कहाँ हराएछ आज
आफन्तनै मुकर्दशक बनेको देख्दा

# बहादुर सिपाही

अम. पुष्प भुजेल
श्री ईन्द्रदल गुल्म कोशी

गोर्खालीको छोरा हुँ म
शिरमा टोपी खुकुरी छ
लडाइँ लड्न परि आए
साहसी र बहादुर छ
हुरी वतास आएपनि
पछि कहिल्यै हट्ने छैन
वैरी आई छेकेपनि
शिर कहिल्यै झुक्ने छैन
वैरीलाई अन्त्य पार्ने
कसम मैले खाएको छु
देशको रक्षक भएर नै
न्यानो माया पाएको छु
पूर्वदेखि पश्चिमसम्म
एक भई बस्छौ
परि आए सबै साथी
एकै भई लड्छौं
डराउँदैनौ ती वैरीका
अश्त्र शस्त्र र वन्दुकदेखि
लडिरहन्छौ साहसी भई
हिमालदेखि तराई भरी

# नेपाली सिपाही

मनोज श्रेष्ठ
श्री भवानीदल गण
गढीथुम्का ब्यारेक इलाम

देश र जनातको सेवा गर्न
हातमा हात मिलाउँछौ,
एक दुई जनाले घाँस खाए
सचेतको दबाई पिलाउँछौ

सानो पढाई ठूलो जागिर
घर व्यवहार टारेका छौ
देशमा दिगो शान्ति ल्याउन
कुना कन्दरा चारेका छौ

नेपालका सन्तति हौ
वीरबहादुर हामी
देशको निम्ति बलिदान हुने
कर्मठ नेपाली सिपाही नामी

# गजल

प्युठ बलदेव के.सी. "भरिया
श्री गणेश दल गण
तोपखाना ब्यारेक

प्राण प्यारो देश दुख्दा मुटु जल्नु पर्छ सखा
यदि देश हाँस्छ भने आफै ढल्नु पर्छ सखा ।
हिमाल पहाड तराईमा घाम आई पोल्दा
वसन्तको सितल हावा बनि चल्नु पर्छ सखा ।
मेरो शान्तिभूमि माथि देखिरैछु विचित्रता
हाम्रा यी पाईलैपिच्छे शान्ति बन्नु पर्छ सखा ।
धनको बारी देखाई पराईले आँखा गाड्दा
आफ्नै मनको बारीमा हामी फल्नु पर्छ सखा ।
कालापानी सुस्ता सँधै आँसु मात्र झार्छ भने
आगो भन्दा पोल्ने बनि हामी बल्नु पर्छ सखा ।
समृद्धिको बाटो भरी व्यभिचारी देखिएमा
सम्झाएर त्यसलाई मलम दल्नु पर्छ सखा ।
यदि देश हाँस्छ भने आफै ढल्नु पर्छ सखा
प्राण प्यारो देश दुख्दा मुटु जल्नु पर्छ सखा ॥

# प्रकृति संरक्षण गतिविधि

शुक्लाफाँटा बन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री चण्डीप्रसाद गण अर्न्तगत पोष्टहरुबाट गत असार १ गतेदेखि १५ गतेसम्म गएको पट्रोल टोलीले आरक्ष इलाकाभित्र अनधिकृतरुपमा चरिचरण गरिरहेका १७५ वटा चौपायाहरुलाई नियन्त्रणमा लिनुको साथै आरक्ष इलाकाभित्र विना ईजाजत प्रवेश गरी घाँस दाउरा काट्दै गरेका व्यक्तिहरुबाट हसिया थान ५४ र नाम्लो २४ पक्राउ गरी आरक्ष कार्यालयमा बुझाएको छ। यसैगरी सोही गणले असार ३ गते भारतको उत्तराञ्चल प्रदेश बस्ने वर्ष ३५ को श्याम सिहको पालमा छापा मार्दा लुकाएर राखेको कस्तुरी र मृगको बिना फेला पार्नुको साथै तारापुर इलाकामा अवैधरुपमा माछा मार्दे गरेका करिव २२० जना व्यक्तिहरुबाट माछा २० के.जी.बरामद गरी सोही स्थानमा गाडिएको र निजहरुलाई चेतावनी दिई छाडेको छ।

बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री ज्वालादल गण अर्न्तगत पोष्टहरुबाट गत असार १ गतेबाट १५ गतेसम्म गएको पट्रोल टोलीले निकुञ्ज इलाकाभित्र प्रवेश गरी अबैधरुपमा चरिचरण गरिरहेका ४२ वटा चौपायाहरुलाई नियन्त्रणमा लिनुको साथै घाँस दाउरा काट्दै गरेको अवस्थामा १९ जना व्यक्तिहरुलाई बन्चरो गोटा ३ सहित पक्राउ गरेको छ। साथै असार ८ गते धनगढीबाट काठमाण्डौं जादै गरेको ना.३.ख. ३५० नम्वरको बसमा चेकजाँच गर्नेक्रममा बाग्लुङ्ग बस्ने प्रकाश घ.म. र हुम्ला बस्ने छिरीङ्ग लामा भन्ने व्यक्तिहरुबाट अवैधरुपमा लैजादै गरेको अवस्थामा जीवन बुटी ६०० ग्राम र नगद पाँच लाखसहित जफत गरी निकुञ्ज कार्यालयमा बुझाइएको छ।

चितवन राष्ट्रिय निकुञ्जमा तैनाथ श्री गोरखबहादुर गण अर्न्तगत पोष्टहरुबाट गत असार १ गतेबाट १५ गतेसम्म गएको संयुक्त पट्रोल टोलीले निकुञ्ज इलाकाभित्र प्रवेश गरी अबैधरुपमा चरिचरण गरिरहेका ४२ वटा चौपायाहरुलाई नियन्त्रणमा लिनुको साथै घाँस दाउरा काट्दै गरेको अवस्थामा १२ जना व्यक्तिहरुलाई हसियाँ गोटा ५, खुर्पा गोटा २ र नाम्लो गोटा ६ सहित पक्राउ गर्नुको साथै गैंडाको खाग चोरी शिकारी कार्यमा संलग्न रहेको आशंकामा ७ जना व्यक्तिहरुलाई पक्राउ गरेको छ। साथै असार ६ गते भैरहवाबाट काठमाण्डौंतर्फ जांदै गरेको लु.१.ख. ४९३० नम्बरको बसमा यात्रा गर्ने मकवानपुर जिल्ला, डाडाखर्क निवासी अनिता तामाङ्ग र ऐ.जिल्ला नामटार निवासी पेसा लामालाई गैंडाको खाग गोटा-१ सहित पक्राउ गरेको छभने असार १० गते सुरुङ्ग खोलामा माछा मार्न आएका ६ जना स्थानीयबासीलाई जाल, माछा हाल्ने टोकरीलगायत र अन्य बन्दोबस्ती सामानसहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ।

पर्सा बन्यजन्तु आरक्षमा तैनाथ श्री गुरुगोरख गुल्मको चकरीमकरी पोष्टबाट गत असार ९ गते गएको पट्रोल टोलीले सल्ले खोला र ठाडो बगर इलाकामा २ जना काठ तस्करसहित काठ चिर्ने छकरी ६, आरा २, बन्चरो २, कुटो कोदालो २ लगायत बन्दोवस्तीका सामानसहित पक्राउ गरी आरक्ष प्रशासन कार्यालयमा बुझाएको छ।

कोशीटप्पु बन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री ईन्द्रदल गुल्म हे.क्वा.बाट गएको पट्रोल टोलीले आरक्ष ईलाकाभित्र अनधिकृतरुपमा चरिचरण गरिरहेका चौपाया २८७ र बाखा १४८ लाई नियन्त्रणमा लिई आरक्ष कार्यालयमा बुझाएको छ।

शिवपुरीनागर्जुन राष्ट्रिय निकुञ्जमा तैनाथ श्री भैरवप्रसाद गणको रानीबन पोष्टबाट गतअसार ११ गते बुद्ध गुम्बा इलाकामा गएको पट्रोल टोलीलाई देखेपछि दाउरा काट्दै गरेको ३ जना महिला भागेको र उनीहरुले छाडी गएको दाउरा, खुर्पा तथा नाम्लो बरामद गरेको छ।

## ध्यानाकर्षण

गत असार १५ गते र १६ गते विभिन्न दैनिक तथा साप्ताहिक पत्रिकामा प्रकाशित **"प्रधानसेनापति ज्यू, सम्पत्ति फिर्ता गरी पाऊ"** शीर्षकमा प्रेशित गरेको पत्रप्रति नेपाली सेनाको ध्यानाकर्षण भएको छ। उक्त सम्बन्धमा बुझ्दा देहायका तथ्यहरु पाइएको व्यहोरा जानकारी गराईन्छ भनि सैनिक जनसम्पर्क निर्देशनालयद्वारा असार १६ गते जारी प्रेश विज्ञप्तिमा उल्लेख गरिएको छ।

मिति २०६२ साल असोज २५ गते जमदार पदबाट अवकाश प्राप्त गरेका श्री जंगी असवाव खानाका तत्कालिन पिपा चिनीकाजी महर्जनले काठमाण्डौं जिल्ला गोगंबु गा.बि.स वडा नं. ९ को कित्ता नं. १९२ को जम्मा क्षेत्रफल १-४-० जग्गा मध्ये पूर्व दक्षिण कुनाबाट जम्मा क्षेत्रफल ०-४-० जग्गा छुट्याई लिने सम्बन्धमा उक्त जग्गाको मोही नजरमान कामीसंग घरायसी लेनदेन गरी ०-४-० जग्गा छुट्याई लिई सकेपछि उक्त जग्गा मालपोत अड्डैबाट रजिष्ट्रेशन पास गर्ने सम्बन्धमा ती दुई पक्षबीच कुरा नमिलि तत्कालिन पिपा चिनीकाजी महर्जनले उक्त जग्गा रोक्का गराई पाउँ भनी जंगी अड्डामा निवेदन दिएकोमा जंगी अड्डाबाट निवेदकको सक्कलै निवेदन सम्लग्न राखी उक्त जग्गाका सम्बन्धमा नियमानुसार आवश्यक कारवाही हुन भनी श्री मालपोत कार्यालय, डिल्लीबजार, काठमाण्डौंलाई पत्र पठाइएको। जग्गा रोक्का राख्ने आदेश गरिएको होइन, जंगी अड्डाबाट अन्य अड्डा अदालतलाई आदेश गरिने गरिएको पनि छैन र यसो गर्न नमिल्ने तथ्य सर्वविदितै छ।

साथै जिल्ला वा बेजिल्लाबाट जग्गाको रजिष्ट्रेशन पास गर्ने भन्ने बारे जंगी अड्डाको क्षेत्राधिकार भित्र पर्ने विषय होइन। नेपाली सेना अन्तर्गतका कुनै पनि व्यक्ति वा निकायबाट कसैलाई मर्का पार्ने काम भएको अवस्थामा त्यस्तो मर्का पर्ने पक्षले जंगी अड्डामा निवेदन दिने वा स्वयं उपस्थितभई जानकारी गराएपछि छानविन हुँदा मर्कै परेको देखिएमा कारवाही गरिने व्यहोरासमेत सर्वविदितै छ।

त्यस्तै मिति २०५२ सालमा **"सैनिक व्यक्तिबाट अपहरण गरियो"** भनिएको विषयवस्तुका सम्बन्धमा छानविनगरि सत्यतथ्य बुझ्न सकिने व्यहोरासमेत सो विज्ञप्तीमार्फत जानकारी गराइएको छ

## सच्चाईएको

सिपाही पाक्षिक असार १५ को अङ्कको अन्तिम पृष्ठमा प्रकाशित नं. १ वाहिनपति ट्रफिप्रतियोगिताको नतिजा प्रकाशित गर्दा पशुपतिप्रसाद गण द्वितीय र गोरखबक्स गण तृतीय भएको भनि छापिनु पर्नेमा अन्यथा भएकोले सच्चाइएको छ। - सं.

## नयाँ गोरख गणद्वारा श्रमदान

पोखरास्थित श्री नयाँ गोरख गणले स्थानीय जनताहरुको आब्हानमा कास्की जिल्ला, ढिकुर पोखरी गा.वि.स वडा नं ६ पाउदुरकोटस्थित ओख्ले - लाखे, ग्रामीण सडक निर्माणका लागि उक्त गण अर्न्तरगत सुरक्षा पोष्ट काँडेबाट गएको एक टोलीले यहि असार ७, ९ र ११ गते श्रमदान गरी करिब ७०० मिटर सडकको दायाँवायाँ नाली (कुलो) खनि बाटो मरामत गरेको छ।

# सैनिक शिक्षण पक्षको प्रशंसनीय कार्य

## एसएलसीका सबै परिक्षार्थी प्रथम श्रेणीमा उत्तीर्ण

श्री सैनिक शिक्षण पक्ष छाउनीमा सञ्चालन भएको सि.सं. ७८ फष्टक्लास (रेगुलर) शिक्षा तालिमबाट एस.एल.सी. परीक्षामा सहभागी भएका सबै विद्यार्थीहरु प्रथम श्रेणीमा उत्तीर्ण हुन सफल भएका छन्।

सो शिक्षण पक्षबाट २०६६ सालको एस.एल.सी. परीक्षामा ३३ जना विद्यार्थीहरु सहभागी भएकोमा सबैजना प्रथम श्रेणीमा उत्तीर्ण भएका हुन्। सैनिक सेवामा प्रवेश गरिसकेपछि साधारणतय: सैनिक जवानहरुले औपचारिक शिक्षाप्रति त्यतिसाह्रो रुचि देखाउँदैनन्। यसैसन्दर्भमा औपचारिक शिक्षाप्रति किन अरुचि भनेर सोधियोभने प्राय: सबैको रेडिमेड उत्तर आउने गर्छ, 'जागिर खाई हालियो, अब पेन्सन पकाउने हो, बुढेसकालमा पढेर के काम, बुढेसकालमा बुद्धि बाक्लो भैसक्यो, अब पढेको कुरा सम्झन सकिदैन ?' आदि।

तर वास्तवमा गर्‍योभने असम्भव भन्ने कुरो केही छैनभन्ने कुरालाई सैनिक शिक्षण पक्षले तयार गरेका परिक्षार्थीहरुको सफलताले प्रमाणित गरि दिएको छ। शैक्षिक सत्र २०५६/५७ मा पहिलोपल्ट एसएलसी परीक्षामा आफ्ना शिक्षार्थीहरु सहभागी गराई अनपेक्षितरुपमा शतप्रतिशत सफल नतिजा ल्याएपछि उत्साहित शिक्षण पक्षले त्यसयता निरन्तर आफ्ना शिक्षार्थीहरुलाई एस.एल.सी परीक्षामा सरिक गराई प्रशंसनीय सफलता हासिल गर्दै आएको छ।

**सैनिक शिक्षण पक्ष, छाउनीबाट २०६६ सालको एस.एल.सी. परीक्षामा सहभागीभई शतप्रतिशत प्रथम श्रेणीमा उत्तीर्ण हुने परीक्षार्थीहरु**

| युनिट | क.नं. | दर्जा | नामथर | प्रतिशत |
|---|---|---|---|---|
| श्री इन्द्रदल गुल्म | १६२६७८ | हु | कृष्ण बहादुर रिजाल | ७८ |
| श्री महिन्द्रदल गण | १७६४७६ | प्युठ | दिनेशसिंह भण्डारी | ७६ |
| श्री नं २१ बाहिनी अड्डा | १५५२९९ | बा.प्र.हु | खिल बहादुर खडका | ७५ |
| श्री रणभिम गण | १५५४५२ | गु.प्र.हु | सुरेश आचार्य | ७४ |
| श्री अह्रिदमन गण | १५७५९१ | हु | दिनेश अधिकारी | ७४ |
| श्री सु.प.पृ.स्थपति सेवा | १६२३६४ | अम | प्रदिप थापा | ७४ |
| श्री शिवदल गण | १५७२४५ | गु.प्र.हु | तोपलाल श्रेष्ठ | ७४ |
| श्री शिवदल गण | १५४५५० | जम | रण बहादुर चन्द | ७३ |
| श्री नं.६ फि.ए. गुल्म | १५९५३३ | प्रा.हु. | टिका कुमार श्रेष्ठ | ७३ |
| श्री देवीदत्त गण | १७५२०२ | हु | कृष्ण बहादुर सेन | ७३ |
| श्री खड्गदल गण | १६१८८७ | गु.प्र.हु | ईश्वरी प्रसाद पौडेल | ७३ |
| श्री भैरवीदल गण | १४८२७६ | जम. | कमल सिंह ठगुन्ना | ७२ |
| श्री कालीध्वज गण | १५२६६७ | जम | युवक क्षेत्री | ७२ |
| श्री शिवदल गण | १५३३६८ | जम. | चन्द्र बहादुर रोकाय | ७१ |
| श्री श्रीनाथ गण | १५३०५२ | जम. | प्रेम बहादुर भण्डारी | ७१ |
| श्री शिवदल गण | १४९१४३ | जम. | भुवन थापा | ७१ |
| श्री अह्रिदमन गण | १६२३९७ | हु. | भगवान थापा | ७१ |
| श्री नं १ लाईट ब्याट्री | १६२४५८ | हु. | महेश थापा | ७१ |
| श्री रामबाण गुल्म | १६४००८ | हु. | साम बहादुर बुढाथोकी | ७१ |
| श्री नं ५ फि.ए गुल्म | १५४०९९ | प्रा.हु | मानसिंह डोवाल | ७१ |
| श्री सर्वेश्वर गण | १६१७७४ | गु.का.हु | दिनेश पाण्डे | ७१ |
| श्री दुर्गादल गुल्म | १७१६६० | हु. | नरहरिनाथ योगी | ७० |
| श्री सिंहनाथ गण | १५५७३७ | हु. | पुष्पनिधी पनेरु | ७० |
| श्री समरसुर गुल्म | १५७०४१ | हु. | राम बहादुर गुरुङ्ग | ६९ |
| श्री कालीबक्स गण(ई) | १६१७०८ | हु. | सुमन कुमार ढुङ्गाना | ६८ |
| श्री समरसुर गुल्म | १९२३८३ | प्युठ | डोरनिधी ढकाल | ६८ |
| श्री रणबम गण | १६६७६८ | गु.प्र.हु | देउ बहादुर तामाङ्ग | ६७ |
| श्री नारायणदल गण | १६१३१६ | गु.प्र.हु | मान बहादुर चन्द | ६६ |
| श्री खड्गदल गण | १६२७९६ | गु.का.हु. | सुनिल प्रताप शाह | ६४ |
| श्री कालीबक्स गण (ई) | १६७००७ | हु. | होम बहादुर थापा | ६४ |
| श्री ज्वालादल गण | १५०३७१ | जम | टिकादत्त भट्ट | ६३ |
| श्री अर्जुनवाण गण | १५२६६७ | जम | धन बहादुर बि.क | ६३ |
| श्री श्रीबक्स गुल्म | १७४७३९ | अम | पेशल पाण्डे | ६० |

यसैसन्दर्भमा, हालैको एस.एल.सी. परीक्षाको नतिजाले शिक्षण पक्षको चुस्त तालिम व्यवस्थापन, पढाउने शिक्षकहरुको कार्य क्षमता तथा उत्तीर्ण विद्यार्थीहरुको मनोवल र मेहेनतको बलियो प्रमाण पेश गरेको छ। तसर्थ, सफल परिक्षार्थीहरुको सफलताको यो नतिजाले हाम्रा सकल सैनिकलाई पढ्योभने त सकिदो रहेछ नि ! भन्ने प्रेरणा दिओस् भनेर यसपल्टको एस.एल.सी. परीक्षामा सरिकभई उत्तीर्ण हुन सफल सबै परिक्षार्थीहरुको नाम तथा उनीहरुले प्राप्त गरेको अङ्कप्रतिशत सिपाही पाक्षिकमा प्रकाशित गरिएको छ। - सम्पादक

### भीमदल गणको वहुआयमिक कार्य

## विरामीहरुको लागि जीवित ब्लड बैङ्क : भीमदल गण

वि.सं. २०६१ सालबाट दिपायलको डोटीमा तैनाथ भएदेखि नै भीमदल गणले जिल्ला अस्पताल डोटीको आकस्मिक रक्तसञ्चार सेवामा रगत परिपूर्ति गर्दै आएको छ।

उक्त जिल्ला अस्पतालमा वि.सं. २०६३ साल बैशाख २५ गतेबाट आकास्मिक रक्त सञ्चार सेवा सञ्चालनमा आएको भएपनि ब्लड बैङ्क नहुँदा रगत भण्डारण गर्ने असुविधालाई दृष्टिगत गरी आपतकालीन अवस्थामा भीमदल गणका जवानहरुले जीवित ब्लड बैङ्कको रुपमा उक्त अस्पतालका बिरामीहरुलाई आवश्यक परेको बखतमा रगत उपलब्ध गराउदै आएका छन्।

यस्तो आपतकालीन अवस्थालाई ध्यानमा राखेर गतअसार १७ गते नेपाल रेडक्रस सोसाइटी डोटी शाखा र सो गणको प्रयासमा केही रगत स्टक राख्न सक्ने क्षमता भएको भौतिक पूर्वाधारयुक्त भवनको समेत निर्माण गरी उद्घाटन गरिएको छ।

उक्त उद्घाटनका क्रममा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय पदाधिकारीहरु, स्थानीय पदाधिकारी लगायत बुद्धिजिवी, समाजसेवीहरुले श्री भीमदल गणले विगतदेखि वर्तमानसम्म गर्दै आएको रक्तदान सेवाको उच्च कदर तथा प्रशंसा गर्दै आगामी दिनहरुमा पनि यस्तै सहयोगको अपेक्षा राखेका थिए।

## स्वास्थ्य शिविर

मुस्ताङ्गको कैसाङ्गस्थित श्री उच्च शिखर शिक्षालयमा सञ्चालन भैरहेको सि.सं. ३८ हाईअल्टिच्युट तथा माउण्टेन वायरफेयर वेसिक तालिमका शिक्षार्थीहरुको बाहिरी अभ्यासका क्रममा तालिम टोलीसँग सम्लग्न मेडिकल टिमले लोमाङ्गथाङ्ग इलाकामा अस्थाई स्वास्थ्य शिविर खडा गरी ६३ जना सर्वसाधारणको स्वास्थ्य जाच गर्नुका साथै नि:शुल्क औषधी वितरण गरेको छ।

यसैगरी सोही स्वास्थ्य टोलीले गत असार २१ गते तमागाउँ र समर गाउँका १५ जना सर्वसाधारणहरुको पनि स्वास्थ्य परिक्षण गर्नुको साथै निशुल्क ओषधी वितरण गरेको थियो।

## प्रधानसेनापतिबाट सिग्नल तालिम शिक्षालयको निरीक्षण

प्रधानसेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले गत असार ७ गते श्री सिग्नल तालिम शिक्षालयको निरीक्षण गर्नुभयो ।

उक्त अवसरमा प्रधान सेनापति श्री गुरुङ्गले सो शिक्षालयमा सञ्चालन हुने तालिमहरुलाई दृष्टिगत गरी निर्माण गरिएको डिजीटल ल्याब, ईलेक्ट्रोनिक ल्याब, प्रोग्रामिङ्ग ल्याब, कम्प्यूटर ल्याब तथा विभिन्न सिग्नल उपकरणहरुसमेत निरीक्षण गर्नुभएको थियो । उक्त निरीक्षणका क्रममा श्री सैनिक विनय महानिर्देशक उपरथी श्री अनिलजङ्ग थापाको पनि उपस्थिति रहेको थियो ।


प्रधान सेनापति श्री छत्र मान सिंह गुरुङ्ग सिंग्नल उपकरणहरूको निरीक्षण गर्नुहुँदै ।

प्रधान सेनापति श्री गुरुङ्गको शिक्षालय निरीक्षणका क्रममा शिक्षाधिकृत प्रमुख सेनानी श्री प्रदीप कुमार श्रेष्ठले शिक्षालयमा संचालन हुने गरेका तालिमका प्रकारहरु, उपलब्धी र सुझावहरु प्रस्तुत गर्नुको साथै शिक्षालयको आफ्नै श्रोत र साधनबाट निर्माण गरिएका भौतिक पूर्वाधार र कल्याणकारी योजनाहरुको विवरण समेत प्रस्तुत गर्नु भएको थियो ।

हाल सो शिक्षालयमा सि.सं २ सिग्नल युवक अधिकृत सञ्चालन भैरहेको छ । उक्त तालिमको गत असार १५ गते सिग्नल निर्देशनालयका नि. निर्देशक महासेनानी श्री नवजिव शम्सेर ज.ब.रा.ले प्रथम प्रवचन दिनुभएको थियो ।

## भीमदल गणको उदाहरणीय कार्य

श्री भीमदल गणले आफ्नो जिम्मेवारी क्षेत्र दिपायल सिलगढीमा उचित ढल निकासको व्यवस्था नभएकाले वातावरण प्रदुषणका कारण पर्यावरणमा आउने समस्यालाई ध्यानमा राखि आफ्नै साधन र स्रोतको प्रयोग गरी व्यारेक हाताभित्र वायो ग्याँस प्लान्टको निर्माण गरेको छ ।

विगतमा पनि सो गणले गण हे.क्वा सिलगढीमा वायो ग्याँस निर्माण गरी त्यस स्थानमा हुने


भीमदल गणमा वायो ग्याँस प्लान्ट निर्माण गरिदैं।

दुर्गन्ध र वातावरण प्रर्दुषणलाई केही हदसम्म नियन्त्रण गर्न सफल रहेकोले हालसालै पूनः आफ्नै स्रोत र साधनको प्रयोग गरी सिलगढी व्यारेक बारुदखाना इलाकामा पुनः अर्को वायो ग्याँस निर्माण कार्य अन्तिम चरणमा पुऱ्याएको छ ।

निर्माण कार्य सम्पन्न हुनै लागेको उक्त वायो ग्याँस प्लान्ट पूरा भएपछि शौचालयबाट निस्किने फोहोर पूर्णरुपमा सदुपयोग भई ग्याँस उत्पादन गरि खाना पकाउन सजिलो हुनुका साथै दुर्गन्ध र प्रदुर्षण समेत कम हुनेछ ।

शहरीकरण हुने क्रममा रहेपनि दिपायल सिलगढीमा ढल निकासको व्यवस्था नभएको अवस्थामा श्री भीमदल गणले शुरुवात गरेको वायो ग्याँस प्रविधि उदाहरणीय बनेको छ । भीमदल गणको यो प्रयोग हाम्रा अन्य पल्टनहरुलाई समेत अनुकरणीय हुन सक्नेछन् ।

## तालिम समापन

त्रिशुलीस्थित सैन्य तालिम केन्द्रमा सञ्चालन भएको सि.सं. १ प्राविधिक सैन्य आधार तालिमको गत असार २७ गते केन्द्रपति महासेनानी श्री गणेश बहादुर कार्कीले अन्तिम दलेल कवाज निरीक्षण गर्नुभई समापन गर्नुभयो ।


सैन्य आधार तालिम समापनपश्चात् सामूहिक तस्वीरमा तालिम केन्द्रका केन्द्रपति, शिक्षकवर्ग तथा शिक्षार्थीहरू ।

तालिम समापनका क्रममा केन्द्रपति श्री कार्कीले प्रशिक्षार्थीहरुलाई सम्बोधन गर्नुहुँदै 'सैनिक सेवा जागिर वा पेशा मात्र नभएर त्याग र बलिदान समेत हो' भन्नु भयो ।

सो तालिम समापनका क्रममा केन्द्रपति श्री कार्कीले तालिममा सर्वोत्कृष्ट हुने हुने प्रा.अम.माधव खतिवडालाई गौरवको प्रतिक खुकुरी प्रदान गर्नुको साथै तालिमका सहिष्णुता, फायरिङ्ग तथा ड्रिल विधातर्फ सर्वप्रथम हुने प्रा.अम.हरुलाई पुरस्कारसमेत वितरण गर्नु भएको थियो ।

गत असोजबाट शुरुभई ९ महिनासम्म सञ्चालन भएको सो तालिममा ३६ जना प्राविधिक अमल्दारहरुले तालिम सफलतापूर्वक पूरा गरेका छन् ।

## नवनियुक्त उपाध्यक्षको स्वागत

श्री सैनिक श्रीमती संघको उपाध्यक्ष पदमा नवनियुक्त हुनुभएकी श्रीमती अनिता थापालाई गत असार २५ गते संघको प्राङ्गणमा आयोजित एक कार्यक्रमकाबीच संघकी अध्यक्ष श्रीमती कमला गुरुङले सपथ ग्रहण गराउनु भएको छ।


नवनियुक्त उपाध्यक्ष श्रीमती कविता थापालाई स्वागत गर्नुहुदैं संघकी अध्यक्ष श्रीमती कमला गुरूङ्ग

यसैबीच सोही कार्यक्रममा अध्यक्ष श्रीमती गुरुङ्गले यस पटकको राष्ट्रपति रनिङ्ग शिल्ड विजेता विजेश्वरी ज्ञानमन्दिर माध्यामिक विद्यालयका विजयी छात्राहरु तथा प्रशिक्षकहरुलाई नगदपुरस्कार, प्रशंसा पत्र प्रदान गर्नुका साथै विद्यालयलाई कदर पत्र प्रदान गर्नुभयो ।

नेपाली सेना तथा सैनिक श्रीमती संघद्वारा सञ्चालित छात्राहरु मात्रलाई अध्ययन गराईने उक्त विद्यालयले राष्ट्रपति रनिङ्ग शिल्डमा सहभागी भई लगातार दोस्रोपटक रनिङ्ग शिल्ड जित्न सफल भएकोले विद्यार्थी, प्रशिक्षक तथा विद्यालयको कदर गर्दै पुरस्कृत गरिएको हो । उक्त कार्यक्रममा संघका कार्यकारिणी सदस्यहरुको समेत उपस्थिति रहेको थियो ।

## सैनिक संग्रहालय सर्वसाधारणका लागि खुल्ला

नेपाली सेनाका विविध गतिविधि तथा युद्ध सम्बन्धि विभिन्न ऐतिहासिक वस्तुहरु संग्रह गरिएको काठमाण्डौंको छाउनीस्थित श्री सैनिक संग्रहालय सैनिक तथा सर्वसाधारण व्यक्तिहरुका लागि आवश्यक दस्तुर तिरी अवलोकन गर्न पाउने व्यवस्था गरिएको छ ।


संग्रहालय अवलोकनकर्ताहरूलाई संग्रहालयको बारेमा जानकारी दिनुहुँदै प्र.से. आशबहादुर तामाङ्ग

हरेक हप्ताको मंगलबार बन्द रहने उक्त संग्रहालय गर्मी मौसम (फागुन महिनादेखि कार्तिकसम्म) विहान १० बजेबाट दिउँसो ४ बजेसम्म र जाडो मौसम (मंसीर, पुस र माघ महिना) मा विहान १० बजेबाट दिउँसो ३ बजेसम्म खुल्ला रहनेछ ।

यसैगरी उक्त संग्रहालय गर्मी मौसम फागुनदेखि कार्तिकसम्मको हरेक सोमबार विहान १० बजेबाट दिउँसो २ बजेसम्म र जाडो मौसम (मंसीर, पुस र माघ) महिनाको सोमबार भने विहान १० बजे खुल्लाभई दिउँसो १ बजे बन्द हुनेछ ।

## बृक्षरोपण

**तारादल गण :**

गत असार १३ गते वन महोत्सवको उपलक्ष्यमा दाङ्गस्थित तारादल गणअन्तर्गत ग गुल्मको व्यारेक हाताभित्र विभिन्न प्रजातिका ६५० वटा वनस्पतिहरु बृक्षरोपण गरिएको छ ।

गणले आयोजना गरेको उक्त वृक्षरोपण कार्यक्रममा नं. १९ वाहिनीपति सहायक रथी श्री भरत मल्लको साथै दाङ्गस्थित सरकारी कार्यालय प्रमुखहरुको समेत सहभागिता रहेको थियो ।

**शेर गण :**

"जहाँ शेर त्यहाँ जंगल" भन्ने वाक्यांशलाई प्रमाणित गर्न गत असार १३ गते वन महोत्सव तथा वृक्षारोपण दिवसको उपलक्ष्यमा शेर गणले आफ्नो जिम्मेवारी क्षेत्रभित्र पर्ने महोत्तरी जिल्लाको सदरमूकाम जलेश्वरस्थित लक्ष्मी चण्डिका मूारका मा.वि.को परिसरमा विभिन्न प्रजातिका विरुवाहरु रोपेको छ ।


शेर गणको पहलमा स्थानीय विद्यालयमा बृक्षरोपण गरिदैं ।

यसैगरी सो गणका सकल दर्जाको सहभागीतामा व्यारेक हाताभित्र विभिन्न प्रजातिका ४०० र रेडियो ट्रान्समिटिङ्ग रिलेस्टेशन (गौरिडांडा) सुरक्षार्थ खट्टिएको ख गूल्मले समेत विभिन्न जातका १०० वटा विरुवाहरु रोपिएको छ ।

यसैबीच सो गण अन्तर्गत गौरीडाडा सुरक्षा गुल्मले गत असार १८ गते महोत्तरीको गौरीबास २ स्थित जनता निम्न माध्यामिक विद्यालय परिसरको सरसफाई गरेको छ। विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, शिक्षक तथा अभिभावकहरुसमेतको सहकार्यमा उक्त सरसरफाई गरिएको थियो ।

मुद्रण : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा  कलर स्क्यानिङ्ग : डिजीटेक, पुल्चोक  सम्पादन सहयोगी : प्रा.जम. विनोद अधिकारी  ले-आउट: प्रा.हु.कृष्ण सिंह बोहरा